# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

समाचार अङ्क

जेष्ठ पूर्णिमा



बुद्ध यहिं जन्मनु भएको भनी लेखाएर सम्राट अशोकद्वारा स्थापित स्तम्भ हो।
यो लुम्बिनीमा छ।

वर्ष- १५ अङ्क- २ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

DHARMAKIRTI

Downloaded from http://www.dhamma.digital

साथ रक्तदान कार्यक्रम सम्पन्न भएको छ । सुरेशराज बज्राचार्यको संयोजकत्वमा सम्पन्न भएको उक्त कार्यक्रममा मण्डलका अध्यक्ष सुचित्रमान शाक्य, टोल सुधार समितिका अध्यक्ष चित्रबहादुर बज्राचार्य र कोषाध्यक्ष राजभाई बज्राचार्य आदिले आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुभएका थिए ।

महिला र पुरुष गरी जम्मा ५० जवान भन्दा बढी रक्तदाताहरूले रक्तदान गरेको उक्त कार्यक्रममा ब्लड डोनर्स एशोसियशनका अध्यक्ष शरद कशा:को पनि उपस्थिति थियो । स्मरण रहोस्, यस मण्डल नेपाल ब्लड डोनर्स एशोसियशनको सदस्य भएको नाताले वर्षमा कम्तीमा २ पटक रक्तदान कार्यक्रम सञ्चालन गर्ने गरेको समाचार पनि उल्लेख भएको छ ।

**भूल सुधार**

धर्मकीर्ति पत्रिकाको वर्ष १५ अङ्क १ को पेज ८७ मा क्रम संख्या २३७ देखि २५९ सम्म धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू हुनुपर्नेमा अन्यथा हुन गएकोले यसलाई सच्चाई पढ्न हुन अनुरोध गर्दछ ।

- धर्मकीर्ति पत्रिका

## २५४१ औं बैशाख पुन्ही समारोह

रत्नाकर महाविहारया आयोजनाय् १८ म्ह कार्यकारिणी सदस्यपिनिगु समिति गठन याना २५४१ औं बैशाख पुन्ही समारोह न्याय्कूगु समाचार प्राप्त जूगु दु। उगु समारोहया कार्यक्रम थुकथं सञ्चालन जूगु खः ।

(१) स्वास्थ्य कार्यक्रम - ४ न्हु
(२) धर्मदेशना - ५ न्हु
(३) भजन - ५ न्हु

## २५४१ औं वैशाखपुन्ही कार्यक्रम क्वचाल

हिरण्यवर्ण महाविहार, तारेमाम् संघया आयोजनाय् २५४१ औं बुद्ध जयन्ति समारोह समिति यल पाखें २५४१ औं वैशाख पुन्ही साप्ताहिक कार्यक्रम तया सफलतापूर्वक मानेया:गु समाचार प्राप्त जूगु दु ।

कार्यक्रम थुकथं न्ह्यज्या:गु खः ।

| मिति | सुथे | न्ह्िने - बहनी |
|---|---|---|
| २०५४/२/३ | बुद्ध पूजा व सफाई (हिरण्य वर्ण महाविहारे) | धर्मदेशना व भजन |
| २०५४/२/४ | सामुदायिक स्वास्थ्य सेवा (आँखा) | धर्मदेशना व भजन |
| २०५४/२/५ | सामुदायिक स्वास्थ्य सेवा (रक्तदान) | धर्मदेशना व भजन |
| २०५४/२/६ | सामुदायिक स्वास्थ्य सेवा (वाल रोग व स्त्री रोग) | धर्मदेशना व भजन |
| २०५४/२/७ | सामुदायिक स्वास्थ्य सेवा (नाक, कान र घाँटी) | धर्मदेशना व भजन |
| २०५४/२/८ | सरसफाई | बौद्ध सभा |
| २०५४/२/९ | बुद्धपूजा, नागवहाल | बुद्धप्रतिमा नगर परिक्रमा |

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू:-**

क्र.सं. २६०.

**कृष्णमान गुभाजु**

9/902 **मोहरीया टोल, वडा नं. १**

**कञ्चन आभुवण, पोखरा, कास्की**

रु. १०००/-

क्र.सं. २६१.

**बंशीराना मगर**

**पो.व.नं. ८९७५ इ.पि.सि. ६७४, काठमाडौं ।**

रु. १,१००/-

क्र.सं. २६२.

**दीपक मानन्धर**

**कोपुण्डोल, ललितपुर**

रु. १,०००/-

क्र.सं. २६३.

**हेराशोभा शाक्य**

**ढल्को, काठमाडौं**

रु. १,०१०/-

**धर्मकीर्ति पत्रिकायात चन्दा सहयोग**

**मां आशामाया तुलाधरया नामं म्ह्याय् विश्व लक्ष्मीं "धर्मकीर्ति" पत्रिकायात रु. १००/- प्रदान यानागु जुल ।**

Downloaded from http://www.dhamma.digital

व्यवस्थापक
**चिनीकाजी महर्जन**

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

सम्पादक
**अनगारिका वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २१५०२०, २२७१५०

प्रकाशक व विशेष सल्लाहकार
**अनगारिका धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २२०४६६

बुद्धसम्वत् २५४१
नेपालसम्वत् १११७
इस्वीसम्वत् १९९७
बिक्रमसम्वत् २०५४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

June 1997


| वर्ष- १५ | अङ्क- २ | ज्यापुन्ही | ज्येष्ठ २०५४ |
|---|---|---|---|





अरूलाई दुःख दिएर जसले आफ्नो सुख चाहन्छ, त्यसले वैरीको जालमा फँसेर त्यसबाट छुटकारा पाउन सक्दैन ।

★★★

यदि अलिकति सुख छोडिदिनाले धेरै सुख पाइन्छ भने, बुद्धिमान पुरुषले धेरै सुखको ख्याल गरेर त्यस अलिकति सुखलाई छोडिदिउन् ।

★★★

गेरू वस्त्र पहिरने ब्यक्तिहरू मध्ये धेरैजसो अधर्मी र असंयमी पाइन्छन् । यी सबै आफ्नो खराब कामको फलले पतनतिर जान्छन् ।

★★★

Downloaded from http://www.dhamma.digital

# धर्म शिक्षा एक आवारालाई

बुद्धकालीन समयमा राजगृहमा एकजना बदमाश व्यक्ति रहने गर्थ्यो । त्यसले अरू ठूलाबडा बुढापाका मानिसहरूलाई मात्र होइन आफ्नै आमा बुबालाई समेत आदर गौरव राख्दैनथ्यो । मनपरी बदमाशी काम गरी हिंड्ने त्यस व्यक्तिले सूर्य, चन्द्रमा र अग्नी देवताको पूजा र भक्तिभाव गरी पुण्य प्राप्त गर्ने आशा राख्दथ्यो ।

यसरी नै उसले आफ्नो पाप कर्मबाट मिलेको मनको अशान्तिलाई हटाउन ३ वर्षसम्म लगातार पशुहरूको बलि दिई थुप्रै मेहनत र परिश्रम गरी पूजा र भक्ति गर्न थाले । तर यति गर्दा पनि उसको मनले कति पनि शान्ति प्राप्त गर्न सकेन ।

अन्तमा केही नलागेर उ श्रावस्तीमा गई तथागत (बुद्ध) भेट्न जाने इच्छा गरेछ । आफ्नो इच्छा अनुसार त्यहाँ गई उसले तथागतलाई भेटी उहाँको तेजिलो व्यक्तित्वको दर्शन गरेछ । उसले तथागतको व्यक्तित्व देखि प्रभावित भई उहाँको चरणकमलमा ढोग गरी आफ्नो असिमित प्रसन्नता प्रकट गरेछ ।

अनि तथागतले उसलाई भन्नुभयो - "पशुहरूलाई बलि दिनु मूर्खतापूर्ण कार्य हो । फेरि यस्ता बाहिरी कर्मकाण्ड (जसको मनसंग कुनै सम्बन्ध छैन) मा लागिरहनु र आदर गर्न योग्य व्यक्तिहरूलाई आदर नगरी जति पनि उपचार कार्यहरूमा लागेपनि ती सबै व्यर्थको हुनेछ ।" यति भन्नुहुँदै उहाँले शिक्षाप्रद गाथाहरू पनि गाउनुभयो । फलस्वरूप त्यहाँ चारैतिर उज्यालो प्रकाशले छायो । अनि त्यस गाउँका गाउँलेहरू, विशेष गरी बच्चाका आमा बुबा तथागतको सेवा गर्नका लागि उपस्थित भए । बच्चाका आमा बुबालाई देखेर र उनीहरूले आफ्ना बच्चाहरूको बारेमा गरेका कुराहरू सुनी तथागत मुस्कुराउँदै भन्नुभयो, "श्रेष्ठ मानिस इर्ष्याबाट सधैं मुक्त रहेको हुन्छ । उसको मगज खुल्ला हुन्छ, उ खुल्ला र उज्यालो प्रकाश भएको ठाउँमा बस्न रूचाउँछ । यदि कहिले काहिं उसलाई कुनै आपद विपद आइपरे पनि उ त्यो देखि डराउँदैन र विचलित हुँदैन । यसरी त्यस्तो समयमा पनि उसले आफ्नो बुद्धिको परिचय दिइरहेको हुन्छ । श्रेष्ठ मानिसले सांसारीक विषयमा त्यत्ति महत्व दिदैन । उसले न धनको इच्छा राख्छ, न सन्तानको र न जग्गा जमीनको । उसले संधै सावधान बनी शील पालन गर्दछ । प्रज्ञाको बाटो अंगाल्ने त्यस व्यक्तिले विचित्र सिद्धान्तहरूको आफ्नो बुद्धि नपुऱ्याई अनुशरण गर्ने बानी गर्दैन । त्यस श्रेष्ठ व्यक्तिले अनित्यताको रूपलाई राम्ररी चिन्न सक्ने हुन्छ र उसले यस संसारलाई बालुवामा रोपिएको रूख जस्तै ठान्ने गर्छ । उसले आफ्नो अस्थिर चित्त साथीलाई स्थिरताको बाटोमा र आफ्नो अपवित्र शील साथीलाई पवित्रताको मार्गमा लानको लागि पूरा प्रयास गर्दछ ।"

साभार - (एक आवारेकी धर्म-दीक्षा, भगवान बुद्ध और उनका धर्म)

■

# मन लाग्छ

✍ नवराज शाक्य, धरान - १५

मनमा अनेकौं पीर, चिन्ता
अनि वेदना भएपछि
बुद्ध धर्मलाई अघि बढाउन मन लाग्छ ॥१॥

आजको स्वार्थी, छलकपट
अनि झूठो दुनियाँलाई
बुद्ध शिक्षाको माध्यमद्वारा
निस्वार्थी अनि सच्चा बनाउन मन लाग्छ ॥२॥

अशिक्षित अनि अनपढ नागरिकहरूको
बुद्ध भजनद्वारा घर घरमा
बुद्ध शिक्षा गुञ्जाउन मन लाग्छ ॥३॥

कहिले काहीं हतासिन्छु, विचलित हुन्छु
तर पनि बुद्ध शिक्षालाई
जनमानसमा फैलाउन मन लाग्छ
प्रचार प्रसारमा लागि रहन मनलाग्छ ॥४॥

■



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्ममा साम्यवादको लक्षण

✍ मुनीन्द्ररत्न बज्राचार्य

विश्वमा बुद्ध धर्मले यति छिटो आस्था र विश्वास जगाउन सकेकोमा एउटा कारण यो धर्म साम्यवादको धारणामा अभिप्रेरित रहेको छ। यो संसारमा आर्थिक विषमताको कारण विभिन्न किसिमको शोषणले जकडिएको छ। शोषणको मूलकारण नै धनी र गरीव बीचको असमानताको कारण नै हो। धनी र गरीव बीचको भेदभावले समाजमा ऊँच नीच जातपात रंगभेद जस्तो भावनाले मानव-मानव बीच असामान्य स्थिति खडा गरेको छ। यसबाट विभिन्न किसिमको शोषण सिर्जना गराएको छ। धनीले गरीव माथि शोषण गर्ने प्रवृत्तिले विभिन्न सुविधाबाट वञ्चित गर्ने गरेको छ। यसकारणले पनि समाजमा विभिन्न किसिमको दु:खहरू उत्पत्ति भएको छ। कार्लमार्क्स र एंजेल्सले प्रतिपादन गरेको साम्यवादमा पनि आर्थिक शोषणलाई नै केन्द्रीभूत गरेको छ। साम्यवाद धारणा अन्तर्गत शासक र शासित दुई वर्गलाई लिएको छ। शासक वर्गले शासित वर्गलाई शोषण गरिरहेको हुन्छ। शासक वर्गमा सम्पत्ति छ, शक्ति छ शासित वर्गलाई शोषण गरी गुलाम बनाइर हेको हुन्छ। शोषणको मूल जड नै काम गर्ने श्रमिक वर्गको अतिरिक्त मूल्य (Surplus Value) उचित वितरण नहुनु हो। यसैले साम्यवादको धारणा अन्तर्गत शासक शासित दुई वर्गलाई संघर्षले सर्वहारा वर्गको समाजलाई सिर्जना गर्ने तर्फ जोड दिएको छ। बुद्धले प्रतिपादन गर्नुभएको बुद्ध धर्ममा वर्ग र जाति विहीन समाजलाई स्वीकारेको छ। बुद्धले संघ राज्य स्थापनामा जोड गर्नुभएको छ। संघमा सम्पूर्ण मानव जातिलाई मानव व्यवहार गर्नमा जोड दिएको छ। यसैले पनि बुद्ध धर्म जनवादी धर्मको रूपमा स्वीकारेको छ।

बौद्ध धर्म जातिवादबाट अलग्ग छ। वर्ण व्यवस्थाबाट ल्याएको जातिवाद यो धर्मले विरोध गर्दै आएको छ। समाजमा जातिय असमानता खडा गरी कुनै वर्गले विशेषाधिकार पाउनु मानव जाति माथि हुने शोषणको एक कारणको रूपमा मानेको छ। यसैले बुद्धले भन्नुभएको छ कि, "जन्मले मात्र चाण्डाल हुँदैन, न जन्मले कोही ब्राह्मण नै हुन्छ। कर्मले नै उ चाण्डाल हुन्छ, कर्मले नै ब्राह्मण हुन्छ" सम्झनु पर्छ। यही धारणा अनुरूप मनुष्य जातिमा छुवा छुत उँच नीच भेदभाव गर्नु हुँदैन भनेको छ। सबै आफ्ना मालिक आफैं हुन् भन्ने बुद्धको धारणा हो। जसरी साम्यवादमा वर्गविहीन समाजको स्थापना गर्न सर्वहारा वर्गको नेतृत्वलाई जोड दिएको छ भने बुद्धधर्ममा आफ्नो मालिक आफैं रहेकोले आफ्नो विकासको लागि आफैं जिम्मेवारी रहेको स्पष्ट हुन्छ। बुद्धले यो संसारलाई अनित्यको रूपमा लिएको छ। साम्यवादमा पनि राज्यको अस्तित्व नहुने (Withering away of the State) कुरामा जोड दिएको छ। जब मानिसमा आफ्नो भावनाको तृष्णा हुन्दैन तब संसारमा धन सम्पत्तिको लागि युद्ध भन्ने कुरा हुँदैन। यसैले पनि बुद्धले विहार संघ आदिको परिकल्पना गरेको हुन्। यसैबाट नै मानव-मानव बीच शान्तिको वातावरण सिर्जना गर्न सक्नेछ।

संसारमा विद्यमान शोषणको जडलाई निर्मूल गर्न बुद्धधर्ममा अहिंसा, प्रेम, मैत्री र करूणाको भावनालाई पहिलो प्राथमिकता दिएको छ। तर साम्यवाद धारणामा भने वर्ग संघर्षलाई दिएको छ। बुद्ध धर्म भने शान्तिपूर्ण सह-अस्तित्वमा आधारित छ। शत्रुको भावना राख्नु शत्रु बढाउनु हो। यसले धेरैलाई हानी गर्दछ। यसैले बुद्धले बहुजन हिताय बहुजन सुखाय भन्ने सिद्धान्तलाई विशेष जोड दिनु भएको छ। यसैले यस धर्मलाई मानवतावादी धर्मको रूपमा स्वीकारेको छ। मानिसको आचार विचारलाई विशेष स्थान दिएको छ। सोच विचारमा नै यस धर्ममा लाग्न अवसर दिएको छ। यस धर्ममा प्रवेश: गरेर मन लागेमा यसको अनुशरण गर्न अनुग्रहित गरेको छ। बलजफती यसको पालनामा जोड दिएको छैन।

धर्म मानव जीवनको अभिन्न अंग भइसकेको हुनाले कुनै पनि वर्गले धर्मलाई नकार्न सक्दैन। नेपाली समाजमा त धर्मको निक्कै महत्वपूर्ण स्थान रहेको छ। नेपालमा साम्यवाद धारणामा आधारित विगत एमाले सरकारको समयमा पनि धर्मलाई एक महत्वपूर्ण अंग मानेको छ। बुद्धधर्मलाई पनि उत्तिकै समान व्यवहार गरेको थियो। कुनै पनि सरकार बहुजन हिताय बहुजन सुखायमा आधारित रहेकोले यो धर्मबाट कुनै अलग्गिन सक्ने छैन। समानतामा आधारित धर्म भएकोले यो धर्म साम्यवादको लक्षण नै बढी रूपमा देखिन्छ। आज तेस्रो देशमा आर्थिक विषमताले छटपटिएकोले यो धर्मको पालना गर्नमा निक्कै आवश्यक महशुस भएको छ। शोषणबाट मुक्त हुन यो धर्मको सिद्धान्तलाई पालन गर्न सबैको कर्तब्य हुन आएको छ।

■



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्म र वीरगञ्जको भिस्वा स्तूप

✍ चक्रबहादुर शाक्य

'सन्तोषम् परम सुखम्' भन्ने धारणा राख्ने व्यक्ति नै सुखी हुन्छ भन्ने सोचाई सर्वमान्य सिद्धान्त भएतापनि यस सिद्धान्तलाई ठूला-ठूला विद्वानहरूले पनि आफ्नो जीवनमा परिपालन गरेको भेटिंदैन । मुखले राम्रो कुरा व्यवहारले नराम्रो काम देखाउँदा मान्छे दिनप्रतिदिन व्यक्तिवादी हुँदै गएको छ । हाय सुख ! हाय सम्पत्ति !! भनेर पछि लाग्दालाग्दै गन्तव्य भेट्टाउनै नसकेर गर्तमा परेको छ । हुन त सुख, दु:ख एउटा चक्र हो । प्रकृति परिवर्तनशील भएझैं सुख दु:ख पनि परिवर्तन भई नै रहन्छ । दु:खमा सुखको अनुभूति प्राप्त गर्नु भनेको अत्यन्तै ठूलो कुरा हो । यसैले मानव चोलामा सामान्यत: हरेक व्यक्ति दु:खी नै देखिन्छन्, तर दु:खको प्रकार भने फरक हुनसक्छ । जस्तै गरीवको लागि गरीब नै दु:ख हुनसक्छ भने धनीको लागि उसको धन सम्पत्ति नै दु:खको कारक तत्व हुन सक्छ ।

भगवान बुद्धले एक दिन मानिस रोगी हुन्छ वृद्ध हुन्छ र मृत्यु हुन्छ । यस दु:खबाट कसरी मुक्ति मिल्छ त भन्ने सन्दर्भमा खोजी गर्न जीवनमा तमाम सुख, राज्य, श्रीमती र छोरालाई समेत त्याग गरी हिंड्नु भयो । वर्षौंको तपस्या र चिन्तनपछि राजकुमार सिद्धार्थलाई जुन कुराको बोध भयो, ज्ञान भयो, त्यसपछि नै उनलाई महात्मा बुद्ध भनिन थालिएको हो ।

मानव जीवनमा दु:खको कारण अति तृष्णा हो । यो तृष्णालाई त्याग गर्नु, झूठो नबोल्नु, सत्यमा अडिग रहनु, हिंसा नगर्नु, अरूको अपमान नगर्नु, चिन्तनलाई स्वच्छ राख्नु, कुमार्गमा नलाग्नु आदि बुद्धका सन्देश हुन् ।

आजको युगमा मानव-मानव बीच सत्य, अहिंसा र सहिष्णुता भन्ने पटक्कै देखिंदैन । लोभ, मोह, जलन, इर्ष्या र प्रतिशोधको भावना दिनप्रतिदिन बढ्दै गएका छन् । अन्तर्राष्ट्रिय क्षेत्रमा समेत शान्ति छैन । हिंसा र अशान्तिले हामीलाई प्रत्येक क्षण सोच्न वाध्य गराएको छ । बारूद र गोली भरिएका उडानहरू खुल्ला आकाशमा चक्कर लगाइरहेका छन् । विश्वका धनी राष्ट्रहरू विश्वकै एक्लो राजा बन्ने धुनमा लागिरहेका छन् । विश्ववन्धुत्वको भावनामा धमिरा लागेको छ । यस्तो अवस्थामा बुद्धको सन्देश स्मरण गर्नु र प्रत्येकले आफ्नो दैनिक जीवनमा प्रयोग गर्नु अति आवश्यक भैसकेको छ । बुद्धको शिक्षा केवल बौद्ध मार्गीहरूको लागि होइन, यो त सबै मानव जातिको कल्याणको लागि हो । यो शिक्षा ग्रहण गरेर शान्ति प्राप्त गर्न सकिन्छ । विश्वमा नै शान्ति र अमन चयन कायम हुनेछ । नेपाललाई विश्व संसारमा परिचय दिने मुख्य माध्यम सगरमाथा, लुम्बिनी र बुद्ध धर्म जस्ता स्थलहरू हुन् । अपितु, मानव धर्मरूपी बुद्ध धर्मको व्यापक प्रचार प्रसारबाट संसारमा नेपाललाई चिनाउन सकिन्छ । यसैले देशका विभिन्न भागमा छरिएर रहेका बौद्ध विहार, स्तूप, गुम्बा र पवित्र स्थानहरूलाई संरक्षण सम्बर्द्धन गर्नु अति नै आवश्यक देखिन्छ । यस सिलसिलामा यस लेखको माध्यमबाट वीरगञ्ज स्थित भिस्वा विहार स्तुप बारेमा जानकारीमा आएका ऐतिहासिक र खोजमूलक कुराहरू यस लेखमा राख्नु प्रासंगिक ठान्दछु ।

दक्षिण नेपालको वीरगञ्जमा रहेको भिस्वा स्तूप राजा अशोकले नै बनाएका हुन् भन्ने बौद्ध धर्मावलम्बीहरूको एकमत पाइन्छ । राजा अशोकले भगवान् बुद्धको जन्मस्थल लुम्बिनीमा र मामाघर देवदहमा बुद्ध स्तूप र विहार बनाइसकेपछि आफ्नो राजधानी पाटली पुत्र (पटना) फर्कने सिलसिलामा पूर्व बाटोबाट नारायणी नदी पार गरी वीरगञ्जमा भिस्वा स्तूप र भारत बेतिया जिल्लाको लौरियामा अशोक स्तम्भ र स्तुप बनाइ फर्केको भन्ने जनविश्वास छ ।

वीरगञ्जको स्तूप भिस्वा विहार समयको सेरोफेरोले अन्धकारमा थियो । वि.सं. २०३५ सालमा लामा भिक्षु श्री वागेन्द्रबज्रज्यूले यो बुद्ध स्तूप नै हो भनी श्री ५ महाराजाधिराज सरकारको जुनाफमा विन्ति चढाई सरकारको हुकुम प्रमाङ्गी आदेश भए बमोजिम



Downloaded from http://www.dhamma.digital

वि.सं. २०३७ साल चैत्र १२ गते वीरगञ्ज बौद्ध समितिको नाउँमा यस स्तूपको १ बिघा १७ कट्ठा १ धुर जग्गा दर्ता भयो।

वीरगञ्ज नयाँ बसपार्कबाट करीब आधा किलोमिटर पूर्व-उत्तरमा ५०. फिट अग्लो चारैतिर हरियो घाँसपात र बोटवृक्षले ढाकिएको अति रमणीय स्थल भिस्वा विहार वीरगञ्जमा हेर्न र घुम्नको लागि प्रसिद्ध छ।

भिस्वाको बोधि वटवृक्ष मुनी र चारै दिशामा ८ फुट अग्लो ४ फुट चौडा दक्षिणकाली पहाडको कालो पत्थरले विभिन्न मुद्रामा बसेका भगवान बुद्धको पञ्चबुद्ध मूर्तिको स्थापनाले यस स्तूपको भव्यता र रम्यतालाई अझ सिंगारेको छ। अष्ट मंडल धर्म धातु समेतको निर्माण स्थानीय जनताको सहयोगले भइसकेको छ।

यस क्षेत्रको विकासको क्रममा वि.सं. २०४३ सालमा श्री धर्मगुरु दलाई लामाज्यू पनि यस स्तूपको दर्शन गर्न आउने सिलसिलामा तत्कालिन राजनैतिक कारणले वहाँ आउन सक्नु भएन र वहाँका सचिव श्री डुगुन ढुल्को लामालाई पठाउनु भएको थियो। वहाँले भिस्वा विहारमा शिलान्यास पूजा गरी रु. १०,०००/- (दश हजार) रुपैंया चन्दा पनि दिनु भएको थियो।

भिस्वा विहारको विकास र निर्माणको लागि वीरगञ्ज नगरपालिकाको सहयोगमा करीब रु. १०,००,००० (दश लाख) रुपैंयाको लागतमा परि क्रमा सडक, धर्मशाला, भिक्षु निवास, बुद्ध मूर्तिसम्म जाने दोहोर सिंढी बनाउने क्रम जारी नै छ। यस्तै वीरगञ्ज तामाङ्ग गुठीबाट ठूलो गुम्बा विहार बनाउने र द रेयूकाई नेपाल वीरगञ्ज उपशाखाबाट बौद्धपार्क र वीरगञ्ज जेसीजले 'जेसिज पार्क' बनाउने योजना गरिरहेको छ। यस स्तूपको चार कुनामा बुद्धिष्टहरूको पवित्र चारधाम लुम्बिनी, बौद्धगया, सारनाथ र कुशीनगर (भगवान बुद्धको जन्मस्थान, ज्ञान प्राप्तस्थान, धर्म सन्देश, प्रवचन गरेको स्थान र परिनिर्माण भएको स्थान) झल्कने गरी मन्दिर बनाउने कार्यक्रम वीरगञ्ज बौद्ध समितिको रहेको छ।

नेपालको प्रवेश नगरी एवं आर्थिक राजधानीको रूपमा सुपरिचित यस वीरगञ्ज नगरीको कोलाहलपूर्ण वातावरण र व्यस्त जीवनबाट केहीक्षण भएपनि शान्तमय वातावरणमा गएर सुस्ताउन वीरगञ्ज नगरीका बासिन्दाहरू भिस्वा विहार पुग्छन्। वीरगञ्ज आएका आफ्ना आफन्तीहरूलाई घुमाउने रमणीय स्थल पनि भिस्वा विहार नै भएको छ।

दक्षिण नेपालको तराई क्षेत्रमा लुम्बिनी पछि बुद्धको सबभन्दा राम्रो र ठूलो विहारको रूपमा परिवर्तन हुन लागेको यस विहारले आफ्नो मास्टर प्लान अनुसार विकासको लागि राष्ट्रिय अन्तर्राष्ट्रिय सहयोगको समेत अपेक्षा राखेको छ।

लक्षित नमूना अनुसार यस भिस्वा विहारको विकास भएमा नेपाल आउने बौद्ध धर्मका पर्यटनहरूलाई काठमाडौं, लुम्बिनीको साथसाथै वीरगञ्जलाई पनि बौद्ध पर्यटक स्थलको रूपमा परिवर्तन गर्न सकिन्छ। सन् १९९८ लाई पर्यटन वर्ष मनाउने सरकारको योजना अनुसार श्री ५ को सरकार स्थानीय निकायहरू, उद्योगी, व्यापारी, बुद्धिजीवी सबै पक्षबाट वीरगञ्जको यस अमूल्य स्तूपको विकास र प्रचार प्रसारमा जोड दिने हो भने वीरगञ्जको लागि भिस्वा बौद्ध विहार पर्यटन क्षेत्रको रूपमा विकास हुन सक्छ। यसतर्फ सम्बन्धित निकायको ध्यान जानु पर्ने आजको समयको माग भएको छ।

■

# बुद्ध भजन

✍ **प्रकाशकुमार श्रेष्ठ, म्याग्दी**

विश्व नभको चम्किलो तारा, त्यो दिव्य मूर्तिको।
सुन्दर शान्त, निश्चल नयन, निराकार प्रभुको॥

शान्तिको सन्देश, बोकेर भगवान, ज्ञान मार्ग धाउँदैछन्।
ज्ञान र गुणको उपदेश दिई, सत्मार्ग दोऱ्याउँछन्॥

हिंसा कलह, स्वार्थ र क्रोधको, भर्त्सना गरेर।
पञ्चशील मार्ग देखाई प्रभुले, सतत्यागी बनेर॥

■



Downloaded from http://www.dhamma.digital

# थरी थरीका बौद्धहरू

✍ भिक्षु अश्वघोष

साधारणतया बुद्ध धर्म र संघको शरणमा जानेहरू बौद्ध भनिन्छ । तर, सच्चा बौद्ध कसलाई भनिन्छ र बौद्ध गुण के-के हुन् भन्नेबारे बुद्ध धर्मावलम्बीहरूलाई नै थाहा छैन । बौद्ध हुनका लागि शील (सदाचार), समाधि (चित्त एकाग्रत), प्रज्ञा (विवेक-बुद्धी) त्याग र चेतना आवश्यक गुण हुन् ।

(१) थरी-थरीका बौद्धहरूमध्ये पहिलो थरीका बौद्धको लक्षण हो - श्रद्धा भक्ति; धर्मबारे खूब चर्चा गर्ने बानी; पुस्तक र लेख लेख्ने; कौशल र कथा वाचन । तर, यिनीहरू आफू त्यस अनुसार आचरण गर्दैनन् । मतलब, व्यवहार राम्रो पार्नेतिर एक कदम पनि अगाडि सर्दैनन् । बौद्धको पहिलो गुण सदाचारी हुनु हो ।

(२) दोस्रोथरी बौद्ध शुद्ध धर्मको अध्ययन गर्दछ; सुन्छ; मन प्रशन्न भए जस्तै अध्ययन अनुसार सदाचार भई धर्मको बाटोमा हिंड्न प्रयत्न गर्दछ । तर, उनीहरूको समाधि बलियो छैन; चित्त चञ्चल छ ।

उदाहरणार्थ बुद्धको पालामा कौशाम्बीवासी शीलवान, विद्वान भिक्षुहरूको दुई समूह थिए । एक समूह कथा मात्र भन्ने गर्थ्यो । अर्को समूह नियमको उल्लंघन कुनै हालतमा गर्दैनथ्यो । उनीहरू दुई समूह बीच सानो कुरोमा झगडा भयो । त्यसबेला दुवै समूहको जोशमा होश गुमेकोले समाधि हराएर गयो । गौतम बुद्ध स्वयं उनीहरूकहाँ आउनुभई "झगडा नगर; मिलेर बस" भन्नुभएको थियो । तर, उनीहरू मिल्न तयार भएनन् । पछि उपासक समाजले बहिष्कार गरेपछि बल्ल उनीहरूलाई होश आयो । अनि मात्र झगडा शान्त भयो । उनीहरूले भगवान् बुद्धकहाँ गएर आत्मालोचना गरी क्षमा मागे ।

(३) तेस्रोथरी बौद्ध - यिनीहरू धर्मको कुरा सुनेर सदाचारी भई मन चञ्चल नपारी बस्छन् । दृढ चित्त भई काममा लाग्छन् । तर, प्रज्ञार्पण हुँदैनन् । मतलब यिनीहरूमा ठीक-बेठीक; असल-खराब छुट्याउने शक्ति हुँदैन । बुद्धि त्यति पक्का हुँदैन । प्रज्ञाको कमीले गर्दा अहंकार रहिरहन्छ । म अरूभन्दा कम छुइँन । मैले विपश्यना भावनामा धेरै भाग लिएको छु इत्यादि ठूलो-सानो भेद्भाव शेष राख्दछ ।

(४) चौथो वर्गका बौद्ध - शील समाधि र प्रज्ञा भए पनि ठीक मात्राको प्रज्ञा नभएकोले सही धर्मको रस बुझेको हुँदैन । आफू मात्र खाने-पिउने ध्याउन्नामा लाग्ने हुनाले दुःखबाट मुक्त हुन सक्दैनन्; मतलब स्वार्थी हुन्छन् । उदाहरणको लागि - छन्न सारथी सिद्धार्थसँग बालककालदेखि बसेको भए पनि; भिक्षु बनेर बुद्धसँगै बसे पनि श्रद्धा नभएको कच्चा प्रज्ञाले गर्दा उसमा अहंकार जस्ताको त्यस्तै रह्यो । सिद्धार्थकुमारलाई दरवारबाट बाहिर लाने व्यक्ति मै हुँ भन्ने अहंभाव उसमा रह्यो । अहंभाव बौद्ध गुण होइन ।

(५) पाँचौं बौद्ध - शील समाधि र प्रज्ञा जस्तै ठीक मात्रामा व्यावहारिक कुशलताको पनि ज्ञान भएकोले राम्रो-नराम्रो; ठीक-बेठीक, हुन्छ-हुँदैन छुट्याउन सक्ने हुन्छ ।

स्मरणीय छ - प्रज्ञामा सम्यक दृष्टि; सम्यक संकल्प र शुद्ध श्रद्धा समावेश हुनुपर्छ । श्रद्धा नभएकोले प्रज्ञाले व्यक्तिलाई स्वार्थतिर लग्छ । प्रज्ञा नभएकोले श्रद्धाले अन्धविश्वासी बनाइदिन्छ । श्रद्धा र प्रज्ञा नभएको काम नून नपुगेको खाना जस्तै रसहीन हुन जान्छ ।

आजभोलि १ नम्बरमा उल्लेखित गुण भएको बौद्धहरू धेरै देखिन्छन् । श्रद्धा अधिक भएका र प्रज्ञा कम भएका बौद्धहरूको संख्या बढी छ । साथै अहंकार धेरै भएकाहरूको पनि कमी छैन ।

■

**पशु हत्या (बलि) भन्दा आत्मा (आफ्नै) बलिदान श्रेष्ठ छ । जो आफ्नो पाप नास्नलाई बलिदान गर्न समर्थ हुन सक्छ, उसको लागि पशु बलिदानको केही महत्व छैन । रगतले पाप धुन सक्तैन, पाप वासनाको पूर्णतया नष्ट भएबाट आत्माको शुद्धि हुन्छ । देवताहरूको उपासना गर्नुको सट्टा सत्यनीतिको अनुष्ठान गर्नु सबै प्रकारबाट उत्तम छ ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति ! धर्मकीर्ति !!

✍ अनगारिका कुसुम

धर्मकीर्ति ! धर्मकीर्ति !! जित माया या ।
मनुष्य जीवनया मू पुवंका ब्यु ॥

वेहोश जुइका च्वनाम्ह जि याकनं होशे वयका ब्यु ।
खतं नःगु नुगले प्रज्ञाया चिकं प्वंका ब्यु ॥

धर्मकीर्ति ! धर्मकीर्ति !! जित माया या ।
धैर्य याय्गु, सहनशक्ति दय्केगु स्यना ब्यु ॥

संयमी, समझदारी जुइका ब्यु ।
दुःख सुखय् समता तयगु स्यना ब्यु ।
धर्मकीर्ति ! धर्मकीर्ति !! जित माया या ॥

बुद्ध, धर्म, संघ व माँ-बौ गुरु ज्ञातिबन्धुपिन्त ।
अनुशासन व विनयले च्वनेगु स्यना ब्यु ॥
गल्ति छुं जूसा बाँलाक न्वाना ब्यु ।
धर्मकीर्ति ! धर्मकीर्ति !! जित माया या ॥

दुनेया हाकु नुगःयात शुद्ध याना ।
अन्तरमुखी जुइका, चित्तया दुनेथ्यंक थ्यंका ब्यु ॥
अनालश्य, उत्साही व जागरूक जित याना ब्यु ।
धर्मकीर्ति ! धर्मकीर्ति !! जित माया या ॥

थःगु शरण थःहे जुइगु स्यना ब्यु ।
इन्द्रिययात संवरयाना, निवरणयात प्रहाण याय् फय्का ब्यु ॥

बुद्धंकना बिज्यागु ज्ञानयात साक्षात्कार याना ।
दुःखं मुक्त जुइ फइगु शिक्षा क्यना ब्यु ॥

■

# ज्ञानया मत

✍ बेखारत्न शाक्य, यल

सयकि सीकि याकनं थ्वीकि
हृदय ज्ञानया मत च्याकि
थुगु जन्मे अनुभव याना
भविष्यया कर्म भिंका यंकि ॥१॥

थौंयागु दुःखया हेतु थ्वीका,
राग, द्वेष व मोह मदेकि,
बदला कायेगु अभिमान तंका
सकसितं मैत्री भाव दयेकि ॥२॥

धर्मया चित्त ब्यवहारय् छयलाः
मुदिता भाव मनय् दयेकि
लोभं दुगु दुःखत फुक्कं
त्यागया चित्तं सुख दयेकि ॥३॥

ज्याभः दयेकेत ज्याभः माःथें
थःत भिंकेत थःहे माः,
धर्म धयागु छु खः म्हसीका
बुद्धया शरणय् वने सयेकि ॥४॥

दैगु थःत भिंगु कर्मत
थः थःम्हं हे दयेकेमाः
वा-माँया कापी घाँय् प्वीथें
क्लेषत नुगलय् पुया छ्वयेमाः ॥५॥

कचिगु बुकाः साक्क नयेत
मसला भिंगु लोगु तयेमाः,
मभिंगु चित्त भिंका हय्त
धर्मया चित्त बल्लाकेमाः ॥६॥

■

# शरण

✍ राज शाक्य, कालेबुंग

चञ्चल मनलाई वशमा राखुँ कसरी
गति छ यसको विद्युत भन्दा बढी
राख्न चाहन्छु जब यसलाई एकाग्रतामा
भाग्छ यो फुत्त, डुबाई कल्पनामा ॥
माया छ यसलाई अति प्यारो
तृष्णा तृषित छ यो अति सान्हो
घना तममय हृदय भयो यसैले
सतपथ छोडी कुपथमा पुऱ्यायो यसले ॥

चञ्चल मन आउँदैन मेरो वशमा
चिन्ताले जल्छ हृदय, भय चितामा
ध्यान, ज्ञान, विपश्यना कसरी जगाऊँ
अमूल्य जीवन कसरी सार्थक बनाऊँ ॥
साहारा छ एक, भगवान बुद्ध तिम्रो
नाश गरिदेऊ अज्ञानता मेरो
बन्न सकुँ विशुद्ध-मार्ग गामी
वन्दना गर्छु, बुद्धं शरणं गच्छामि ॥

■



Downloaded from http://www.dhamma.digital

**२०५३ चैत्र २३ गते**

यस दिन अध्ययन गोष्ठीको कार्यक्रम कमलमुनी शाक्यको सभापतित्वमा अरूण सिद्धि तुलाधरले सञ्चालन गर्नु भयो ।

यस कक्षामा भिक्षुणी चमेलीले प्रवचन दिनुहुँदै भन्नुभयो– "हामीले आफूमा शील, समाधि र प्रज्ञालाई बृद्धि गर्नका लागि दान, शील र ध्यानलाई बृद्धि गर्न सक्नु पर्दछ । खेतमा राम्ररी फल फलाउनका लागि राम्रो बीउ, राम्रो माटो र पानीको आवश्यकता भए जस्तै हामी पनि राम्रो भोग सम्पत्ति प्राप्त गर्नका लागि शुद्ध बस्तु शुद्ध चित्तले पवित्र ब्यक्तिलाई दान दिनु पर्छ । दान दिंदा दान दिने ब्यक्ति र दान लिने ब्यक्तिको चित्त शुद्ध र पवित्र हुनु आवश्यक हुन्छ । यही शिलशिलामा गुरुमांले उदाहरणको रूपमा शुद्ध चित्तले दान दिने एक गरीव ब्यक्ति र शुद्ध चित्तले दान लिने भिक्षु सारीपुत्रको घटना उल्लेख गर्नुभयो ।

गुरुमांले फेरि भन्नुभयो:– मानिसहरूले आधार भरोसा लिने योग्य तत्त्वहरू यसरी छन्:–

(१) सदाचारी बन्नु ।
(२) जान्ने सुन्ने भई विद्वान बने जस्तै ज्ञानी पनि हुन सक्नु ।
(३) असल ब्यक्तिहरूको सत्संगत गर्नु ।
(४) धर्म आचरण गर्नु ।
(५) धैर्यपूर्वक मेहनती बनी काम गर्नु ।
(६) सन्तोषी बन्नु ।
(७) जुन कार्यमा पनि दक्ष बन्नु ।
(८) ज्ञानलाई जानी बुझी संधैं सम्झने पनि बानी बसाल्ने ।
(९) प्रज्ञा अर्थात् विवेक बुद्धि पुऱ्याई काम गर्ने ।

**२०५३ चैत्र ३० गते**

यस दिन अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रम अनुसार अ. धम्मवती र वीर्यवतीले प्रवचन दिनु भएको थियो ।

प्रवचन दिने क्रममा शुरूमा अ. वीर्यवतीले बुद्धको शिक्षा अनुसार अनित्य दु:ख र अनात्मालाई जानकारीमा मात्र सीमित भएर होइन भित्री हृदयदेखि आफ्नो स्वअनुभवले बुझ्न नसकेसम्म यथार्थ ज्ञानलाई बुझ्न नसकिने कुरालाई औंल्याउनु भयो । यसको उदाहरणको रूपमा उहाँले बुद्धकालीन घटना एउटा प्रस्तुत गर्नुहुँदै भन्नुभयो:– "राजा बिम्बिसारका वीर छोरा अभय राजकुमार संसारको अनित्य स्वभावलाई नबुझी रागको नशामा डुबी नर्तकीको नाच हेरिरहेको बेलामा अचानक सो नर्तकी नाच्दा नाच्दै पेटमा पीडा भएको कारण त्यहीं थलोमा ढलेर मृत्यु भयो । यस दृश्यलाई देखी अभय राजकुमार आत्तिएर डराउँछ । आफूलाई एकदम मन परेकी नर्तकी माथि सोच्दै नसोचिएको अप्रिय घटना अचानक घट्न पुग्दा यो के भएको भन्दै शोकले विह्वल हुँदै हडबडाएर डराउँदै के गरूँ र कसो गरूँ भन्दै आपदमा रूमल्लिएको राजकुमारले एक्कासी बुद्धलाई सम्झन पुग्छ र बुद्धलाई आफ्नो बलियो भरोसा ठानी बुद्ध समक्ष शरण लिन पुग्छ । बुद्धले अभय राजकुमार यसरी शोकले आकुल ब्याकुल हुनुको मुख्य कारण राजकुमारको नर्तकीप्रति आशक्तिपनले संसारको अनित्य स्वभाव बारे यथार्थ ज्ञानलाई छोपिदिएको विषयमा राम्ररी सम्झाउनु भयो । आफू दु:खी बन्न पुगेको यथार्थ कारणलाई राजकुमारले आफ्नो अनुभवले नै बुझ्न सकेपछि अभय राजकुमार त्यहीं स्रोतापन्न हुन सफल भए ।

यतिमात्र होइन आफ्नो बुबा महाराज बिम्बिसारलाई आफ्नो दाजु अजातशत्रुले मारेको दु:खद समाचारले उनमा संसारप्रति बैराग्यभाव उत्पन्न भई त्यागी बन्न पुगे । संसारको अनित्य दु:ख र अनात्म स्वभावलाई आफ्नो एकाग्र चित्तले झन् गहिरिएर अध्ययन गर्दै जान सफल भई अन्त्यमा उनीले मुक्ति "अवस्था प्राप्त गरी अर्हन्त बन्न सफल भए । त्यसैले जसले संसारको यथार्थ स्वभावलाई स्वअनुभवले बुझ्न सक्छ, त्यसले यथार्थ ज्ञानलाई प्राप्त गर्न सक्छ ।"

त्यसपछि अ. धम्मवतीले धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नयाँ कार्यकारिणी समितिको सफलताको कामना गर्नुहुँदै भन्नुभयो:– "बुद्धले बोधिसत्व हुनु भएको बेला सम्पूर्ण प्राणीको रक्षा गर्ने जिम्मा लिने गर्नु हुन्थ्यो । तर बोधिज्ञान प्राप्त गर्नु भएपछि उहाँले सम्पूर्ण प्राणी भन्नुको बदला बहुजन हिताय बहुजन सुखायको उद्देश्य लिनु भएको देखिन्छ । बुद्धको अनुयायी बनी हामीले पनि बहुजन हीत र सुखको उद्देश्य लिई काम



Downloaded from http://www.dhamma.digital

गर्नु परेको छ। उहाँले फेरि भन्नु भयो:– "अष्टलोक धर्म (लाभ, अलाभ, यश, अयश, सुख, दु:ख, निन्दा र प्रशंसा) आदिबाट आफ्नो चित्त कम्प हुनेहरू आफूमात्र बिग्रने होइनन् उनीहरूले अरूलाई पनि बिगार्न सक्छ। त्यसैले अष्टलोक धर्मबाट आफ्नो चित्त कम्प नगर्नु पनि मंगल हो भन्ने बुद्ध वचनलाई हृदयंगम गरी अध्ययन गोष्ठीका सबै सदस्यहरूले आ-आफ्नो चित्तलाई अष्टलोक धर्मबाट कम्प नगरी गोष्ठीका कार्यहरूलाई सफलताको बाटोमा दोहऱ्याउन सकुन् भन्ने कामना गर्दछु।"

**धर्मकीर्ति विहार, बुद्धपूजा कार्यक्रम**

२०५४ वैशाख १ गते– यस दिन पञ्चशील प्रार्थना र बुद्ध गुणानुस्मरण पछि भिक्षुणी धम्मवतीले दश पुण्य क्रिया बारे ब्याख्या गर्नुहुँदै भन्नुभयो:– "बुद्ध पूजामा आउनु हुने उपासक उपासिकाहरूले बुद्ध पूजा गर्नुमा मात्र सीमित नरही उनीहरू दश पुण्य क्रियामा सम्मिलित हुन्छन्। त्यसैले बुद्ध पूजालाई दश पुण्य क्रिया सञ्चय गराउने साधनको रूपमा लिन सकिन्छ। यहाँ दश पुण्य क्रिया भन्नाले यसरी बुझ्न सकिन्छ:–

(१) दान - दान दिनु अर्थात् आफूमा त्याग भावना जगाउनु।
(२) शील - आचरणमा संयमपना ल्याउनु अर्थात् राम्रो आचरण गर्नु।
(३) भावना - चित्तलाई राम्रो कार्यमा एकाग्र गर्नु।
(४) अपचायन - आफूले मान्नुपर्ने ब्यक्तिहरूलाई आदरपूर्वक मान-सम्मान गर्नु।
(५) वेय्यावच्च - आफूभन्दा ज्ञान, कर्म र वर्षले ठूलावडालाई सेवा गर्नु।
(६) पत्तिदान - आफूले सञ्चय गरेको पुण्यलाई मैत्रीपूर्वक दान दिनु।
(७) पत्तानुमोदन - अरूले गरेका राम्रा राम्रा पुण्य कार्यलाई हर्षित भई पुण्य ग्रहण गर्नु।
(८) धर्म श्रवण - धर्म सम्वन्धि उपदेशहरू सुन्नु।
(९) धर्मदेशना - आफूले जाने बुझेका धार्मिक उपदेशहरू अरूलाई पनि भलो होस् भन्ने हेतुले ती उपदेशहरू सुनाउनु।
(१०) दृष्टिजुकर्म - अन्ध विश्वासबाट सधैं बचिरहनु।

**२०५४ वैशाख ३ गते**

यस दिन पञ्चशील प्रार्थना र बुद्ध पूजा पछि भिक्षुणी धम्मवतीले प्रवचन दिने क्रममा भन्नुभयो – "धार्मिक कार्य गर्ने इच्छाले आएका विभिन्न मानिसहरूमा पाइएका श्रद्धालाई समेटेर हेर्ने हो भने, ती मानिसहरूमा जम्मा ३ प्रकारका श्रद्धाहरू भेटिन्छन्। ती यसप्रकारका छन् :–

(१) पानीमा लेख्ने अक्षर जस्तो एक सेकेण्डमा नै विलाएर जाने श्रद्धा।
(२) बालुवामा लेखिने अक्षर जस्तै केही अप्रिय घटना घट्ने वित्तिकै मेटिने श्रद्धा।
(३) ढुंगामा लेखिएको अक्षर जस्तै एकपटक श्रद्धा बसेपछि स्थायी रूपले रहने श्रद्धा।

यी तीन प्रकारका श्रद्धाहरू मध्ये जो व्यक्तिसंग धार्मिक कार्यहरूमा ३ नं. को श्रद्धाले ठाउँ ओगट्नेछ, त्यस व्यक्तिले आफ्नो चित्तलाई लगनशील रूपले धार्मिक क्षेत्रमा अटल विश्वास राखी कार्य गर्न सफल हुनेछ।

**२०५४ वैशाख ७ गते**

यस दिन गोष्ठीको साप्ताहिक शनिवारिय कार्यक्रममा बोल्नुहुँदै गोष्ठीका सदस्य मदन रत्न मानन्धरले भन्नुभयो:– "जबसम्म सप्ततिंस (३७ वटा) बोधि पक्खिय धर्मलाई बुझ्ने, आचरण गर्ने र अरूलाई बुझाउन सक्ने ब्यक्तिहरू यस संसारमा बाँकी रहन्छन्, तबसम्म यस संसारमा बुद्ध धर्म चिरस्थायी हुनेछ।"

भगवान बुद्ध महापरिनिर्वाण हुनुभन्दा १ महिना अगाडि महावन कुटागार शालामा सप्ततिंस बोधि पक्खिय धर्म देशना गर्नु भएको थियो। जून यसप्रकार रहेको छ:–

बोधिपक्खिय धर्महरू:–

४ - स्मृति प्रस्थान (सतिपट्ठान)
४ - सम्यक प्रयत्न (सम्यक व्यायाम)
४ - ऋद्धिपाद (परिपक्वता र परिपूर्णता)
५ - इन्द्रिय (नियन्त्रण)
५ - बल (अटल शक्ति)
७ - बोध्यंग (सम्वोधि अंग)
८ - मार्ग (आर्य अष्टाङ्गिक मार्ग) जम्मा ३७ वटा।

उहाँले यी माथि उल्लेख ३७ वटा बोधिपक्खिय धर्मलाई अझ स्पष्ट पार्न त्रिपिटकलाई वर्ग वर्गमा विभाजन गरी ब्याख्या गर्नुहुँदै प्रष्ट पार्नु भएको थियो।



Downloaded from http://www.dhamma.digital

गोष्ठीका सदस्य डा. चन्द्रेशरत्न तुलाधरको सभापतित्वमा सञ्चालन भएको यस कार्यक्रम सदस्य श्री ध्रुबरत्न स्थापितले सञ्चालन गर्नुभएको थियो भने सुश्री मीनशोभा शाक्यले रिपोर्टिङ्ग गर्नुभएको थियो ।

**२०५४ वैशाख ८-१४ गते**

२५४१ औं वैशाख पूर्णिमा तथा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २६ औं वार्षिकोत्सवको उपलक्ष्यमा २०५४ वैशाख ८ गते देखि १४ गतेसम्म कपडाको र स्टकिङ्गको फूल बनाउने कार्यक्रम सञ्चालन गरियो । उक्त कार्यक्रममा भाग लिनेहरू भिक्षुणीहरू ११ जना सहित जम्मा १०६ जनाको सहभागी थियो, उक्त कार्यक्रमको प्रशिक्षिकाहरू मिना शाक्य, विना बुद्धाचार्य, भागरति शाक्य र अनी शाक्य हुनुहुन्छ । हाम्रो दैनिक जीवनमा उपयुक्त हुने यस्ता सीपमूलक कार्य सिकाइदिनु भएकोमा वहाँहरूप्रति धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सम्पूर्ण सदस्यहरू तथा अन्य सहभागीहरू हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

**२०५४ वैशाख १० गते**

यस दिन बर्माका भिक्षु उ. कल्याणका समक्ष उपासकोपासिकाहरूले पञ्चशील प्रार्थना गरिसकेपछि बुद्धपूजा पश्चात् भिक्षु उ. कल्याणले बुद्धले मार्गदाताको रूपमा प्रदान गर्नुभएको धर्ममार्ग शील, समाधि, प्रज्ञालाई मानिसहरूले आफ्नो दैनिक जीवनको व्यवहारमा प्रयोग गर्न सक्नु पर्ने विषयमा प्रवचन दिनु भएको थियो ।

**२०५४ वैशाख १४ गते**

यस दिन अध्ययन गोष्ठीको शीपमूलक कार्यक्रम अन्तरगत कपडाका फूल बनाउने एक हप्ते प्रशिक्षणको समापन समारोह वीर्यवती गुरुमांको सभापतित्वमा सम्पन्न भयो ।

समारोहको शुरूमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव अरूण सिद्धि तुलाधरले अध्ययन गोष्ठीको परिचय र उद्देश्यहरू प्रकाश पार्नुभयो ।

प्रशिक्षिका मीना शाक्य लगायत उहाँका सहयोगी साथीहरूलाई वीर्यवती गुरुमांले बुद्धमूर्ति अंकित रिकापी र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ब्याज उपहार स्वरूप प्रदान गर्नुभयो ।

मन्तव्य व्यक्त गर्ने क्रममा प्रशिक्षार्थी मुदीता तुलाधरले फूल बनाउने प्रशिक्षण लिई आफूले विभिन्न थरीका राम्रा फूलहरू बनाउन सक्षम भएकोमा ज्यादै हर्ष लागेको कुरा व्यक्त गर्नु हुँदै आफूले सिकेका यस शीपलाई आफूमा मात्र सीमित नराखी अरूहरूलाई पनि सिकाउने विचार व्यक्त गर्नुभयो ।

समारोहका प्रमुख अतिथि चमेली गुरुमांले आफ्नो मन्तव्य दिनुहुँदै भन्नुभयो– "जुनसुकै कार्य सफल पार्नको लागि पनि मेहनत, बुद्धि, राम्रो संगत र धर्माचरण आवश्यक हुन्छ । यहाँ यी चार तत्वहरूको समागम हुन सकेकोले नै होला धेरैजसो प्रशिक्षार्थीहरूले प्रशिक्षणबाट सफलता हासिल गरेको देखिन्छ ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्ष अगम्यरत्न कंसाकारले शीपमूलक कामको प्रशिक्षण लिए जस्तै यसलाई आयमूलक बनाएर लान सकेमा बढी लाभप्रद हुने आशा व्यक्त गर्नुभयो ।

अन्त्यमा सभाका सभापती वीर्यवती गुरुमांले भन्नुभयो– "बुद्धले बताउनु भएका ३८ वटा मंगलहरू मध्ये अध्ययन गोष्ठीले धेरैजसो मंगलहरूको अनुकरण गर्दै आइरहेको छ । ती मध्ये हामीले कालेन धम्म साकच्छा अर्थात् समय समयमा धर्म सम्बन्धी छलफल गर्ने, कालेन धम्मस्सवण अर्थात् समय समयमा धर्मका प्रवचनहरू सुन्दै पनि आइरहेका छौं । अहिले सीप्पञ्च एतं मंगल मुत्तमं अर्थात् शील्प विद्या सिक्नु पनि एउटा मंगल हो भन्ने बुद्धको वचनलाई अनुकरण गर्दै शील्प विद्या सिक्यौं । कुनै पनि विद्या सिक्नलाई सिकाउने व्यक्ति मात्र भएर पुग्दैन सिक्न चाहने विद्यार्थीहरूको पनि आवश्यकता हुन्छ । अहिले सिकाउने गुरुहरू र सिक्ने विद्यार्थीहरू दुवैको परस्पर सहयोगले गर्दा यस कार्यक्रमलाई हामीले सफल पार्न सके जस्तै यहाँ सिकेका शील्प विद्यालाई आयमूलक कार्यको रूपमा प्रयोग गर्न सकेमा अध्ययन गोष्ठी परिवारले आफ्नो सफलता ठान्ने छ ।" भन्नु हुँदै सभा विसर्जन गर्नुभयो ।

**२०५४ वैशाख १८ गते**

पञ्चशील प्रार्थना र बुद्ध गुणानुस्मरण पश्चात् यस दिन भिक्षुणी धम्मवतीले धर्म देशना दिने क्रममा वैशाख पूर्णिमाको महत्व दर्शाउनु हुँदै भन्नुभयो:– "वैशाख पूर्णिमा सिद्धार्थ कुमारको जन्मदिन, उहाँले बोधिज्ञान लाभ गर्नुभएको दिन, बोधि ज्ञान लाभ गर्नु भएपछि कपिलवस्तुमा पुग्नु भएको दिन र परिनिर्वाण हुनु भएको दिन हो । यसरी बुद्धकालीन विभिन्न महत्वपूर्ण घटनाहरूमध्ये धेरैजसो घटनाहरू यही दिनमा



Downloaded from http://www.dhamma.digital

घटेका देखिन्छन् । त्यसैले यस दिनलाई सम्झनु नै ती महत्वपूर्ण घटनाहरूको स्मरण गरी हाम्रो मनमा राम्रो हौसला जगाउनु हो ।"

**२०५४ वैशाख २१ गते**

यस दिन अध्ययन गोष्ठीको साप्ताहिक कार्यक्रममा भिक्षुणी वीर्यवतीले प्रवचन दिनुहुँदै भन्नुभयो– "बुद्धले दिई राख्नु भएको शान्तिको साधन शील, समाधि र प्रज्ञालाई धेरैजसो मानिसहरूले आफ्नो भित्री हृदयदेखि अपनाउन नसकिराखेकोले उनीहरूले आफ्नो दोष देख्न सकिराखेका छैनन् । धेरैजसोले आफ्नो मनलाई अर्काको दोष खोतल्ने काममा लगाई अमूल्य समय खेर फालि राखेका देखिन्छन् । तर बुद्धले भन्नुभएको छ– न परेसं विलोमानि–न परेसं कता'कतं अत्तनो' व अवेक्खेम्य्य–कतानि अकतानि च अर्थात् अर्काले के गऱ्यो र के गरेन भनेर अर्काको दोष खोतल्नु भन्दा आफूले के गरें र के गरिन भनी आफ्नो दोष खोतल्नु उत्तम । अर्काको दोष खोतल्ने मानिसमा शान्तिले होइन संधैं द्वेष र अशान्तिले मात्र बढी स्थान लिइराखेको हुन्छ । त्यही द्वेष र स्वार्थी भावनाले गर्दा समाजमा संधैंजसो अशान्ती र कलहले स्थान लिइराखेको देखिन्छ ।"

तारा देवी तुलाधरको सभापतित्त्वमा सञ्चालन भएको यस कक्षाको रिपोर्टिङ्ग ध्रुबरत्न स्थापितले गर्नु भएको थियो ।

**२०५४ वैशाख २४ गते**

यस दिन भिक्षुणी धम्मवतीले प्रवचन दिनुहुँदै भन्नुभयोः– "बुद्धको जीवनकालमा जति पनि महत्वपूर्ण मानिएका ठूल्ठूला घटनाहरू घटेका छन्, ती घटनाहरू धेरैजसो घरभित्र होइनन् घर बाहिर खुल्ला आकाश र रूख मुनि घटेका देखिन्छन् ।

उदाहरणका लागि सिद्धार्थ कुमारले लुम्बिनी वनको रूखमुनि जन्म लिनु भयो । उहाँले रूखमुनि बसेर नै बोधिज्ञान लाभ गर्नुभई बुद्ध हुनुभयो । त्यसरी नै बुद्ध हुनु भएपछि आफूले प्राप्त गर्नु भएको अमूल्य ज्ञानलाई बहुजन हिताय बुहजन सुखायको लागि सारनाथको मृगदावनमा रूखमुनि बसेर धर्मचक्र प्रवर्तन गर्नुभयो । फेरि कुशीनगरको रूखमुनि बसी उहाँले आफ्नो देह त्याग्नु भई परिनिर्वाण हुनुभयो ।

**रक्तदान कार्यक्रम**

धर्मकीर्ति विहारबाट विगतका वर्षहरूमा झैं यही २०५४ वैशाख २८ गतेका दिन २५४१ औं वैशाख पूर्णिमा, धर्मकीर्ति विहारको ३२ औं वार्षिकोत्सव तथा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २६ औं वार्षिकोत्सवको उपलक्ष्यमा भिक्षुणी, उपासक उपासिकाहरू समेत गरी जम्मा ५१ जवान रक्तदाताहरूले रक्तदान गरी यस रक्तदान कार्यक्रमलाई सफल पार्नुभएको छ । यसरी मानवीय उपकार गर्ने धार्मिक संस्थाहरू मध्ये यस धर्मकीर्ति विहारले विगत १४ वर्ष अगाडिदेखि रक्तदान कार्यक्रमलाई निरन्तरता दिन सफल हुँदै आएको छ ।

यस रक्तदान कार्यक्रममा टिचिङ्ग अस्पतालका डा. प्रदिप के. श्रेष्ठ र डा. विनयलाल श्रेष्ठले नेपालका जनतामा हेपाटाइटिस कतिको छ भन्ने बारे सर्वे गर्ने सिलसिलामा जापान पठाउनका लागि ५५ जवान व्यक्तिहरूको रगत नमूना संकलन गर्नुभएको छ ।

अध्ययन गोष्ठीका का.स. श्री स्वयम्भूरत्न तुलाधरको संयोजकत्त्वमा सम्पन्न भएको उक्त कार्यक्रममा विहारका विभिन्न उपासक उपासिकाहरूबाट रक्तदाताहरूलाई फलफूल, रोटी, दूध तथा अन्य चीसो पेय पदार्थहरू प्रदान गरी सहयोग गर्नुभएको थियो ।

**रक्तदाताहरूको नामावलीः–**

१. कञ्चन नकर्मी, २. राम सागर पकुवान, ३. सरस्वती नापित, ४. तिमिला रन्जित, ५. सरिता आचार्य, ६. अनिता स्थापित, ७. प्रतिमा ताम्राकार, ८. लक्ष्मी महर्जन, ९. सजना स्थापित, १०. शर्मिला बज्राचार्य, ११. गीता सिंह, १२. विनयश्वरी बज्राचार्य, १३. पञ्चलक्ष्मी शाक्य, १४. राजुरत्न बज्राचार्य, १५. बद्रीबहादुर खड्का, १६. कृष्णमान महर्जन, १७. दुर्गाबहादुर तामाङ्ग, १८. कपील डंगोल (देवी), १९. मालती सिंह, २०. चन्द्रशोभा बज्राचार्य, २१. साजिव शाक्य, २२. अनगारिका धजवती (भिक्षुणी), २३. निर्मला मानन्धर, २४. अशोक कुमार महर्जन, २५. सुनिल तुलाधर, २६. बिनु ताम्राकार, २७. धिरेन्द्र नकर्मी, २८. सैगल कुमार श्रेष्ठ, २९. सुजिना श्रेष्ठ, ३०. उदयराज जोशी, ३१. उद्धवलाल कायष्ठ, ३२. पुष्प महर्जन, ३३. मन्दिरा महर्जन, ३४. अनिलकृष्ण जोशी, ३५. मिनशोभा शाक्य, ३६. सञ्जय महर्जन, ३७. इन्द्रमान महर्जन, ३८. नरेन्द्र महर्जन, ३९. अशोक



Downloaded from http://www.dhamma.digital

आनन्द ताम्राकार, ४०. कृष्णबहादुर राजबाहक, ४१. गणेशमान श्रेष्ठ, ४२. उषाप्रभा तुलाधर, ४३. सम्पूर्णरत्न तुलाधर, ४४. संगिता शाह, ४५. चिनीकाजी महर्जन, ४६. ध्रुवराज कर्णिकार, ४७. उद्योगरत्न तुलाधर, ४८. दिपकरत्न शाक्य, ४९. अरूण सिद्धि तुलाधर, ५०. नानीहेरा शाक्य, ५१. सञ्जय प्रधान ।

**बुद्धपूजा**

२०५४ ज्येष्ठ १ गते– यस दिन धर्मकीर्ति विहारमा पञ्चशील प्रार्थना र त्रिरत्न गुणानुस्मरण पछि भिक्षुणी धम्मवतीले प्रवचन दिनुहुँदै भन्नुभयो– "मानिसहरूको भित्री मनमा यस संसारदेखि विरक्त भाव नआएसम्म उनीहरूमा सत्य ज्ञान उदय हुन सक्तैन । सत्य ज्ञान प्राप्त नभएसम्म निर्वाण अर्थात् मुक्ति अवस्था प्राप्त हुन सक्दैन ।"

**जेठ २ गते, बुद्धपूजा**

भिक्षुणी धम्मवतीले बुद्धको जीवनकालमा विभिन्न स्थानहरूमा घटेका महत्वपूर्ण घटनाहरू र ती स्थानहरूको महत्व बारे व्याख्या गर्ने क्रममा यस दिन परिनिर्वाण हुनु भएको स्थान कुशीनगरको महत्व र परिनिर्वाणको महत्व बारे प्रकाश पार्नु भएको थियो ।

**२५४१ औं वैशाख पूर्णिमा दिवस**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र श्रीघः ज्ञानमाला भजन खलःको संयुक्त आयोजनामा २५४१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा साप्ताहिक (२०५४ ज्येष्ठ ३-९) कार्यक्रम सम्पन्न गरिएको छ ।

काठमाडौंका कमलाक्षी, बांगेमुढा, पद्मकीर्ति विहार - कमल पोखरी, भक्तपुर, बनस्थली, साकुना आदि विभिन्नि स्थानहरूमा श्रीघः ज्ञानमाला भजन खलःबाट भजन गाइसकेपछि गुरुमाँहरूबाट धर्मदेशना गरी कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त साप्ताहिक कार्यक्रममा धर्मदेशना गर्नुहुने गुरुमाँहरू यसरी हुनुहुन्थ्यो:–

(१) धम्मवती (२) धम्मदिन्ना (३) अनुपमा (४) कुशुम (५) वीर्यवती

२०५४ ज्येष्ठ ९ गते वैशाख पूर्णिमाका दिन दिउँसो ३ बजे देखि बुद्ध प्रतिमा सजाइएका मोटर, गुरुमाँहरू सहित उपासकोपासिकाहरू र विभिन्न बाजागाजा सहितको एक र्‍यालीले नगर परिक्रमा गरी बेलुकीपख दीपावली गरी सम्पूर्ण कार्यक्रम सम्पन्न गरिएको थियो ।

**धर्मकीर्ति विहारमा प्रदर्शनी कार्यक्रम**

२५४१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको २६ औं जन्म जयन्तीको उपलक्ष्यमा २०५४ ज्येष्ठ ४ गते शनिवारका दिन गोष्ठीको आयोजनामा एक भव्य प्रदर्शनी खोलिएको थियो ।

प्रदर्शनीमा कपडाका फूलहरू, फ्रेब्रिक पेन्टिङ्ग, धर्मकीर्ति विहारबाट प्रकाशित पुस्तकहरू, तितौरा र अचार आदि विभिन्न आकर्षक बस्तुहरूको सजावट र बिक्री समेत गरिएको सो समारोहको उद्‌घाटन म्यानमारका महामहिम राजदूत उ तैंल्हाबाट भएको थियो ।

समारोहको उद्‌घाटन गर्नुहुँदै महामहिम राजदूतले भन्नुभयो– "बुद्ध जन्मनु भएको पवित्र देश नेपालमा यस प्रकारको प्रदर्शनीको उद्‌घाटन गर्न पाउँदा ज्यादै खुशी लागेको छ ।" मन्तव्य व्यक्त गर्ने क्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्ष तथा कार्यक्रमका सभापति भिक्षुणी धम्मवतीले भन्नुभयो– "बुद्धले बताउनु भएका ३८ वटा मंगलहरू मध्ये शील्प विद्या सिक्नु पनि एक मंगल हो । त्यसैले यसरी फूल र फेब्रिक पेन्टिङ्ग जस्ता शीपमूलक विद्याले भरिएका बस्तुहरूको प्रदर्शन गर्नु राम्रो कार्य हो ।"

प्रदर्शनीका संयोजक मीनशोभा शाक्यले सञ्चालन गर्नुभएको उक्त उद्‌घाटन कार्यक्रममा अध्ययन गोष्ठीका उपाध्यक्ष अगम्यरत्न कंसाकारले स्वागत भाषण दिनु भएकी थियो भने सचिव अरूण सिद्धि तुलाधरले धन्यवाद दिनु भएको थियो ।

**बुद्धपूजा**

२०५४ ज्येष्ठ ९ गते– यस दिन धर्मकीर्ति विहारको साप्ताहिक बुद्ध पूजा कार्यक्रम अनुसार शील प्रार्थना पश्चात् भिक्षुणी अनोजाले धर्मदेशना गर्नुभएको थियो । सिद्धार्थ कुमारको जन्म, उहाँले बोधिज्ञान प्राप्त गर्नुभएको र बुद्धले परिनिर्वाण प्राप्त गर्नुभएको दिन यही वैशाख पूर्णिमाको दिन भएको कारण यस अमूल्य दिनको महत्त्व बारे व्याख्या गर्नु हुँदै उहाँले बुद्ध जीवनी सम्वन्धी संक्षिप्त व्याख्या गर्नु भएको थियो । ■



Downloaded from http://www.dhamma.digital

**बौद्ध सार्वजनिक सभा**

स्वयम्भूस्थित आनन्दकुटी विहारमा बुद्ध जयन्ती मूल समारोह समितिद्वारा आयोजित बौद्ध सार्वजनिक सभालाई सम्वोधन गर्नुहुँदै प्रमुख अतिथि प्रधान मन्त्री लोकेन्द्र बहादुर चन्दले भन्नुभयो– "बुद्धले आफ्नो बिचार, चिन्तन र व्यवहारबाट बहुजन हितका लागि सन्तुलित र उपयुक्त मान्यता प्रतिपादन गरेकोले नै बौद्ध दर्शन (बुद्धको शिक्षा) विश्वब्यापी रूपमा लोकप्रिय भएको हो । बुद्धको उपदेशले विश्वलाई नै नैतिकवान् तुल्याउन प्रेरणा दिएको छ ।"

सो समारोह समितिका अध्यक्ष एवं समारोहका सभापति भिक्षु कुमार काश्यपले लुम्बिनी गुरुयोजना पूरा गर्न साऱ्है ढिलाई भइरहेकोले नेपाली मात्र नभई विदेशीहरू पनि चिन्तित रहेको हुँदा सो योजना पूरा गर्न सरकारले पूर्ण प्रतिवद्धता देखाउनुपर्ने विषयमा चासो देखाउनु भयो ।

म्यान्मारका कार्यवाहक राजदूत उ अगमिन्तटले बुद्धको जन्मस्थल लुम्बिनीमा म्यान्माका तर्फबाट निर्माण गरिएको चैत्य र निर्माणाधीन अन्य उपासनाघर, तीर्थयात्री आवासबारे जानकारी दिनुभयो ।

काठमाडौं महानगरपालिकाका प्रमुख पी.एल. सिंहले पनि आफ्नो मन्तब्य ब्यक्त गर्नुभएको उक्त समारोहमा भिक्षु सुदर्शन महास्थविरले तिलौराकोट र कपिलवस्तुको योजनाबद्ध अन्वेषण गर्नेतर्फ सरकारले ध्यान दिनुपर्ने कुरा बताउनु भयो ।

समारोह समितिका उपाध्यक्ष तीर्थनारायण मानन्धर र महासचिव श्यामकृष्ण मानन्धरले पनि बुद्ध शिक्षाको महत्वबारे चर्चा गर्नुभयो ।

उक्त समारोहमा प्रधानमन्त्रीले तेऱ्हौं हाजिरी जवाफ प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने क्रमशः गणेश अवासीय मा.वि.लाई शील्ड, महांकाल मा.वि. र टंगाल मा.वि.का सहभागी विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभयो ।

त्यस्तै उहाँले "नेपालको गौरव भगवान बुद्ध" विषयमा आयोजित निवन्ध प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने क्रमशः शारदा मा.वि.का छात्र उज्ज्वल गौतम, ज्ञानकुञ्ज मा.वि.का सन्देश देवकोटा र विश्व निकेतन मा.वि.का नीलकण्ठ खरेललाई पनि पुरस्कृत गर्नुभयो ।

समारोहका प्रमुख अतिथि प्रधानमन्त्रीले बौद्ध कविता प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने क्रमशः देवी प्रसाद घिमिरे, भीमराना, जिज्ञासु र बसन्त महर्जनलाई र गत वर्ष आयोजित काठमाडौं लुम्बिनी शान्ति दौडका धावकहरूलाई पुरस्कार एवं प्रमाण पत्र वितरण गर्नुभयो ।

आनन्दकुटी विहारमा आयोजित रक्तदान कार्यक्रममा ९४ जवान ब्यक्तिहरूले रक्तदान गरे ।

उक्त समारोहमा थाइल्याण्डका राजदूत प्रेचा पिटीसान्टले आफ्नो मन्तब्यमा नेपालको लुम्बिनीमा जन्मनु भएका भगवान बुद्धप्रति थाइल्याण्डका ९०% जनताले ठूलो आस्था राख्दछन् भन्नुभयो भने भारतीय राजदूत के.भी. राजनले भगवान बुद्धको जन्मस्थल नेपालको लुम्बिनी हो भन्ने विषयमा कुनै शंका नभएको र भारतको कुनै पनि जिम्मेवार निकायले यसबारे कुनै प्रश्न नउठाएको बारे बताउनु भयो ।

*(प्रश्न लुम्बिनीको होइन कपिलबस्तुको हो । सं.)*

**युवक बौद्ध मण्डलको गतिविधि**

उपरोक्त सम्वन्धमा यस युवक बौद्ध मण्डलद्वारा २०५३ पुष २० गते देखि वैशाख १४ गते सम्म आयोजित विभिन्न कार्यक्रमहरू यस प्रकार छन् :–

**(क) प्रवचन कार्यक्रम** : यस युवक बौद्ध मण्डल, नेपालले विगतमा झैं हाल पनि निरन्तर रूपमा बुद्ध धर्म सम्वन्धि महत्वपूर्ण प्रवचनहरू विभिन्न विद्वान वर्गहरूबाट मण्डलको अनुरोधमा विश्ववज्र बज्राचार्यबाट बच्चा जन्मेको ४ दिन पछि न्वारान किन गरिन्छ ? भन्ने विषयमा, बुद्धाचार्य शाक्यबाट फर्पिङ्ग विहारहरूको



Downloaded from http://www.dhamma.digital

ऐतिहासिक महत्व र परिचय, भिक्षु सोभितबाट बुद्ध धर्म र युवा वर्ग, जर्मनी नागरीक एनजिला डाईत्वेहबाट नेपालमा बुद्ध धर्म, अमेरीकी नागरीक चार्लस् नोभावुबाट प्रेरणादायी बौद्ध व्यक्तित्व, पवित्र ब. बज्राचार्यबाट अजात शत्रुको जीवनी, आनन्दराज शाक्य र भक्तिदास श्रेष्ठबाट विपश्यना ध्यान भावना बारे र भिमबहादुर शाक्यबाट महायान ध्यान भावना बारेमा प्रवचन गर्नु भएको थियो भने पञ्चराज शाक्य, पुष्प रत्न वाराही र आशारत्न शाक्यबाट आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रम महासचिव राजेश शाक्य, सुगिन्द्र शाक्य, सानु भाई शाक्य र सुरेन्द्र शाक्यले सञ्चालन गर्नुभएको थियो ।

**(ख) बौद्ध तिर्थ यात्राको आयोजना :** राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा बुद्ध धर्मको प्रचार प्रसार गर्ने उद्देश्यले युवक बौद्ध मण्डल, नेपालले बौद्ध तिर्थ यात्राहरूको आयोजना गरिदै आए जस्तै यस वर्ष पनि मण्डलको आयोजनामा हालै मात्र जम्मा ७२ जना तिर्थ यात्रीहरूको एक समूह मण्डलको उपाध्यक्ष चन्द्रमान शाक्यको नेतृत्वमा १ महिने बौद्ध तिर्थ यात्रा सम्पन्न गरी सम्पूर्ण तिर्थ यात्रीहरू सकुशल स्वदेश फर्कनु भएको थियो । उक्त तिर्थ यात्रा सफल पार्न उपसंयोजक पुष्परत्न बाराहीबाट पूर्व तयारीको लागि सहयोग गर्नुभएको थियो भने मण्डलको सक्रिय सदस्यहरू जय धाख्वा, दिपेन्द्र बज्राचार्य, रमेश महर्जनले स्वयं-सेवक भई सहयोग गर्नु भएको थियो ।

**(ग) बौद्ध नाटक प्रदर्शनी :** युवक बौद्ध मण्डल, नेपालको सांस्कृतिक उपसमिति र स्वास्थ्य उपसमितिको संयुक्त सक्रियतामा २०५३ फाल्गुण ४ गते प्रज्ञा भवन कमलादीमा मण्डलबाट प्रथम पटक निर्मित बौद्ध ऐतिहासिक घटनामा आधारित अति मार्मिक नाटक "अजात शत्रु" को दोस्रो पटक सफलतापूर्वक मञ्चन भयो । नाटक पुष्पराज शाक्यले लेख्नु भएको थियो भने निर्देशन सनम कुमार वैराग र किशोर डंगोलबाट गर्नुभएको थियो ।

उपरोक्त कार्यक्रमहरू अलावा यु.बौ.म.ले वैशाख पूर्णिमाको उपलक्ष्यमा वैशाख १४ गते शनिवार विहान ९-११ बजेसम्म रक्तदान कार्यक्रमको आयोजना गर्नुभएको थियो । साथै आउँदो असार पूर्णिमाको उपलक्ष्यमा मण्डलको आयोजनामा उपत्यका स्थित विभिन्न बौद्ध संघ संस्थाहरू बीच उपत्यका व्यापि वक्तृत्वकला पर्व मनाइने भएको छ ।

**स्वास्थ्य सेवा**

२०५४ वैशाख २२ गते– संघ महानायक प्रज्ञानन्द महास्थविरको ९८ औं जयन्तीको उपलक्ष्यमा प्रज्ञानन्द स्मृति नि:शुल्क क्लिनिक पाटनबाट पांगा ढोकासीमा एक दिने विशेष स्वास्थ्य सेवा शिविरको आयोजना भएको छ । उक्त शिविरमा दन्त रोग, स्त्री रोग, बाल रोग, सामान्य रोग आदि विषयमा परीक्षण र औषधि वितरणको समेत व्यवस्था थियो । भिक्षु सुदर्शन महास्थविरद्वारा समुद्घाटीत यस स्वास्थ्य शिविर समारोहमा अनगारिका ञाणशीलाले स्वर्गीय संघ महानायकको देन बारेमा प्रकाश पार्नु भएको थियो भने अनगारिका ञाणवतीले प्रज्ञानन्द स्मृति क्लिनिकको स्वास्थ्य सेवा बारे चर्चा गर्नु भएको थियो ।

डा. यशोधरा प्रधान, डा. गौतमरत्न शाक्य, डा. गोपाल महर्जन, डा. केशरी बज्राचार्य, डा. चन्द्रेशरत्न तुलाधर र १० जना नर्स तथा पांगाका स्वयं सेवकहरूद्वारा दिन भरी सेवा प्रदान गरिएको उक्त नि:शुल्क स्वास्थ्य परीक्षण र औषधि वितरणबाट ४५० जना विरामीहरू लाभान्वित भएका थिए ।

संघ महानायक प्रज्ञानन्द महास्थविरको ९८ औं जयन्तीको उपलक्ष्यमा पाटन स्थित श्री शाक्यसिंह विहार मा सप्ताह व्यापी महापरित्राण पाठको प्रारम्भ भएको पनि समाचार छ ।

**बौद्ध महिला संघका गतिविधिहरू**

बौद्ध महिला संघका विभिन्न गतिविधिहरूबारे प्राप्त समाचारहरू :–

(१) हिमालय आइरनद्वारा वीरगञ्ज स्थित गाउँमा स्थापित विद्यालयका वालवालिकाहरूलाई भिक्षु सुदर्शनबाट प्राप्त भएका वाल उपयोगी बुद्ध जीवनी सम्वन्धि पुस्तकहरू नि:शुल्क वितरण ।



Downloaded from http://www.dhamma.digital

(२) स्वयम्भू महाचैत्यमा गुँला धर्मको अवसरमा पञ्चबुद्ध र आर्यताराको फ्रेमहरू सरसफाई गर्नुका साथै मेलामा आउने नरनारीहरूको सुविधाको लागि व्यवस्था मिलाइएको ।

(३) परोपकार मा. वि. मा परियत्ति शिक्षाको लागि गत वर्ष कक्षा १ बाट शुरू गरी यसवर्ष कक्षा ३ सञ्चालन गर्ने व्यवस्था मिलाइएको ।

(४) हप्ताको १ दिन भृकुटी मण्डप स्थित बुद्ध विहारमा यस संघका कार्यकारिणी तथा अन्य सदस्यहरूलाई धर्मानुशासक भिक्षु सुदर्शनज्यूबाट अध्ययन अध्यापनको कार्यक्रम सञ्चालन ।

(५) गत वर्षका बाढी पिडीतहरूका लागि संघका सदस्यहरूको सक्रियतामा लुगा, कपडा तथा औषधि आदि सामग्रीहरू वितरण ।

(६) २५४१ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा काठमाडौं बाहिरका गाउँ गाउँमा गई प्रवचन तथा नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन र विभिन्न स्कूलका विद्यार्थीहरूका लागि एकदिने बाल ध्यान शिविर कार्यक्रमको आयोजना ।

## Master of Ceremony तालीम

२०५४/१२/२ मा काठमाडौं लेडी जेसिसको आयोजनामा काठमाडौंको भोटेवहाल स्थित काठमाडौं जेसिसको सभाकक्षमा "Master of Ceremony" तालीम कार्यक्रम सञ्चालन गरिएको समाचार छ ।

श्री प्रफुल्ल कमल तुलाधरको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रमको प्रशिक्षक श्री दिनेश सेवाचार्य र प्रशिक्षिका श्री कीर्ति तुलाधरद्वारा प्रशिक्षण प्रदान गर्नु भएको सो तालिम कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका तर्फबाट ३ जवान सदस्यहरू श्री विमला शाक्य, श्री तारा डंगोल र श्री विवेक डंगोलका साथै अन्य प्रशिक्षार्थीहरू समेत गरी जम्मा १७ जवान प्रशिक्षार्थीहरूले भाग लिएका थिए ।

सो तालीम कार्यक्रममा "Master of Ceremony" हुनु भएका व्यक्तिमा हुनुपर्ने व्यक्तित्व, गुण, बोलाई, आँखा, हात र शरीरका हावभाव आदि कस्तो हुनुपर्छ भन्ने विषयहरूमा जानकारी हुने गरी कक्षा लिइएको थियो । उक्त एकदिने तालिम कार्यक्रममा भाग लिने प्रशिक्षार्थीहरूले यस्तो ज्ञानवर्द्धक तालिमहरू बेलाबखतमा लिईराख्न पाएमा बढी लाभप्रद र स्तरीय हुने कुरा सहभागी सदस्यहरूले बताउनु भएको छ ।

यस प्रकारको उपयोगी एवं ज्ञानवर्द्धक तालीम कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूलाई पनि भाग लिने मौका दिएकोमा काठमाडौं लेडी जेसिस प्रति धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

**श्रद्धाञ्जली**

नुवाकोट त्रिशुलीबजार स्थित श्री सुगतपुर विहारमा श्रामणेर शीलरत्न समक्ष शील प्रार्थना पछि सदा झैं बुद्ध पूजा गरी सुगतपुर विहारकी ८८ वर्षिय उपासिका श्रीमती बेखामाया शाक्य २०५३ साल फाल्गुण ३० गते दिवंगत हुनु भएकी हुँदा उहाँको गुणानुस्मरण गरी शोक सभाको आयोजना गरिएको समाचार प्राप्त भएको छ ।

उक्त अवसरमा सुगत बौद्ध मण्डलका अध्यक्ष श्री बोधिरत्न शाक्यले स्व. बेखामाया उपासिकाको जीवनी बारे प्रकाश पार्नु हुँदै राणाकालीन शासनकालमा धपाइएका थेरवादी अनगारिका गुरुमाहरू धम्मचारी, विमुखा, आरती र विरतीहरूलाई बेखामाया उपासिकाले त्रिशुली स्थित आफ्नै घरमा वासस्थान दिई चतुप्रत्ययद्वारा सेवा गरी थेरवाद बुद्ध धर्मको रक्षा गर्नु भएको उहाँको कार्यलाई प्रशंसा गर्नुभएको थियो ।

सुगत बौद्ध मण्डलका सल्लाहकार श्री प्रेमबहादुर शाक्यले त्रिशुलीमा श्री सुगतपुर विहार निर्माण कार्य पूरा भएपछि सो विहारमा बेखामाया उपासिकाले सिंहमरमरको बुद्ध प्रतिमा श्रद्धेय भिक्षु धम्मालोक महास्थविरको करकमलबाट असार पूर्णिमाको दिन स्थापना गराउनु भएको कुरा स्मरण गर्नुभई श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो ।

युवक बौद्ध मण्डल र धर्मोदय सभा त्रिशुली शाखाका अध्यक्ष प्रदीप शाक्यले स्वागत भाषण गर्नु भएको र सुगतपुर विहार दायक परिषदका सहसचिव पुरूषोत्तम शाक्यले सञ्चालन गर्नु भएको उक्त सभामा



Downloaded from http://www.dhamma.digital

भिक्षु, लामाज्यू, उपासकोपासिकाहरू आदि सबैले दिवंगत बेखामाया शाक्यको गुणानुस्मरण गर्दै तस्वीरमा फूलका गुच्छाहरू चढाई श्रद्धाञ्जली अर्पण गरी एक मिनेट ध्यान भावना गरी पुण्यानुमोदन गरिएको थियो ।

**"युवा" बौद्ध जागरण समूह : एक परिचय, उर्लाबारी-३**

बुद्ध शिक्षाको प्रचार-प्रसारमा युवा वर्गको अग्रसरता हामीले देखे सुनेकै कुरा हो । यही अग्रसरतालाई कायम राख्दै हामीले यस कार्यक्रमलाई टेवा पुऱ्याउन "युवा" बौद्ध जागरण समूहको स्थापना गरेका छौं । विविध कार्यक्रम र अध्ययन अध्यापनको माध्यमबाट बुद्ध शिक्षाको बारे ज्ञान हासिल गर्ने र अरूलाई पनि सो ज्ञान प्राप्त गर्ने अवसर दिने प्रमुख उद्देश्य लिई यस समूहको स्थापना भएको हो ।

यस समूहले आफ्ना उद्देश्य, कार्यक्रमहरूलाई निम्न अनुसार निर्धारण गरेको छ :–

(१) भजन टोली निर्माण गर्ने ।

(२) बुद्ध शिक्षा अध्ययन, अध्यापनको लागि बौद्ध पुस्तकालय सञ्चालन गर्ने ।

(३) बौद्ध प्रशिक्षण शिविर सञ्चालन गर्ने ।

(४) विविध प्रतियोगिताहरू सञ्चालन गर्ने ।

(५) वक्तृत्वकलामा विकास गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

(६) बौद्ध शिक्षा सम्वन्धी कक्षा सञ्चालन गर्ने ।

यिनै उद्देश्य र कार्यक्रम अनुसार हालसम्म यस समूहद्वारा साप्ताहिक कार्यक्रम सञ्चालन भैरहेको छ, जसमा निबन्ध, कविता, भजन र बौद्ध शिक्षा सम्वन्धी जानकारीका साथै बौद्ध हाजिरी जवाफ प्रतियोगिताहरू समावेश गरेका छौं ।

यो हाम्रो पहिलो र नौलो प्रयास भएको हुनाले विज्ञ महोदयहरूबाट सर-सल्लाह र सहयोगको अपेक्षा राख्दछौं ।

**युवा बौद्ध जागरण समूहद्वारा सञ्चालित कार्यक्रमहरू :**

यस उर्लाबारी समूहद्वारा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको समाचार प्राप्त भएको छ ।

(१) बौद्ध शिक्षा सम्वन्धी कक्षा सञ्चालन :

२०५३/११/२५ देखि २०५३/१२/२ सम्म भिक्षु विशुद्धानन्दज्यूको विशेष सहयोगमा बौद्ध शिक्षा सम्बन्धी कक्षा सञ्चालन भएको छ । प्राप्त समाचार अनुसार ध्यान भावनाका साथै बुद्ध धर्मका बारेमा शिक्षा दिइएको सो कक्षाहरूमा स्थानिय उपासक उपासिका र युवा वर्गको सहभागिता रहेको थियो ।

(२) युवा आव्हान कार्यक्रम :

भिक्षु विशुद्धानन्दको प्रोत्साहनमा "युवा आव्हान" कार्यक्रम अन्तरगत यस समूहद्वारा आयोजित विहार सर सफाई कार्यक्रम सफलताका साथ सम्पन्न भएको थियो । स्थानिय उपासक र युवा वर्गको सहभागिता रहेको यस कार्यक्रमले कुनै काम एक्लैले गर्नु भन्दा सबै मिलेर गर्दा राम्रो परिणाम प्राप्त हुनेछ भन्ने सन्देश दिन सफल भएको थियो । कार्यक्रमको समाप्ति पछि जलपान कार्यक्रमको आयोजना गरिएको थियो । जसको लागि श्रद्धेय भन्ते महोदयबाट सहयोग प्राप्त भएको थियो ।

**हाजिर जवाफ प्रतियोगिता**

पोखरा २०५४ चैत्र ३० गते– युवा बौद्ध संघ पोखराद्वारा धर्मशीला बुद्ध विहार नदीपुरमा संघका सदस्यहरूका बीच हाजिर जवाफ प्रतियोगिता सम्पन्न भएको समाचार प्राप्त भएको छ । युवा पुस्ताहरूमा बुद्धको जीवनी, उपदेश तथा दर्शनहरूको अध्ययन अनुसन्धान र प्रचार प्रसार गर्न प्रोत्साहन मिलोस् भन्ने उद्देश्य लिई आयोजना गरिएको उक्त प्रतियोगितामा जम्मा २७ जवान सदस्यहरू सहभागी हुनुहुन्थ्यो ।

२०५३ साल कार्तिक १७ गते शनिवार श्रद्धेय भिक्षु श्रद्धानन्दज्यूले पञ्चशील प्रार्थना गराउनु भई शुभारम्भ गर्नु भएको उक्त प्रतियोगिताको २०५३ चैत्र ३० गते फाइनल खेल सम्पन्न भएको थियो । सो खेलको नतिजा यसरी रहेको छ ।

प्रथम - कुशीनगर समूह (विमल उदास, भुवन ताम्राकार र इन्द्र प्रसाद)

द्वितीय - बुद्धगया समूह (सुभाष बुद्धाचार्य, कोमल शेरचन र शान्त बज्राचार्य)

तृतीय - लुम्बिनी समूह (सन्देश उदास, रवि महर्जन र नारायण महर्जन)



Downloaded from http://www.dhamma.digital

युवा बौद्ध संघका कोषाध्यक्ष विक्रम बुद्धाचार्य तथा सदस्य विक्रम उदासको सक्रियतामा सम्पन्न भएको उक्त हाजिरी जवाफ प्रतियोगिताका विजयी सदस्यहरूलाई २५४१ औं बुद्ध पूर्णिमाको विशेष समारोहमा पुरस्कार प्रदान गरिने कुरा संघका अध्यक्ष उत्तममान बुद्धाचार्यले जानकारी गराउनु भएको थियो ।

**युवा बौद्ध संघको कार्य समितिमा पदपूर्ति**

पोखरा, वैशाख २४ गते– धर्मशीला बुद्ध विहार नदीपुरमा बसेको युवा बौद्ध संघको का.स.को बैठकको निर्णयानुसार युवा बौद्ध संघको कार्य समितिमा पदपूर्ति गरिएको समाचार छ । निर्णयानुसार का.स.को पदपूर्ति यसरी गरिएको छ ।

| | | |
|---|---|---|
| धर्मानुशासक | : | श्रद्धेय भिक्षु श्रद्धानन्द |
| सल्लाहकार | : | तिलकमान गुभाजु, प्रकाशमान गुभाजु, डा. गेहेन्द्रमान उदास पोखरेली, विश्व शाक्य, कृष्णमान गुभाजु । |
| अध्यक्ष | : | उत्तममान बुद्धाचार्य |
| उपाध्यक्ष | : | प्रकाश उदास |
| सचिव | : | विक्रम बुद्धाचार्य |
| सह-सचिव | : | सुशील बज्राचार्य |
| कोषाध्यक्ष | : | सोनी सुवाल |
| सदस्यहरू (कार्यकारिणी) | : | शान्तरत्न बज्राचार्य, विनोद शाक्य, सन्देश उदास, सबीना प्रधान, विकास उदास, विमल उदास । |

**युवा बौद्ध संघद्वारा निःशुल्क आँखा शिविर सञ्चालन**

पोखरा, वैशाख २२ गते– युवा बौद्ध संघ पोखराले युवा पुस्तालाई धार्मिक कार्यको साथसाथै सामाजिक कार्य जस्ता अन्य रचनात्मक कार्यहरूमा पनि अग्रसर गराउने उद्देश्यले घाचोक गा.वि.स. को श्री मेघराज प्रा.वि.मा वैशाख २० र २१ गते दुई दिने निःशुल्क आँखा शिविर सञ्चालन गरेको समाचार प्राप्त भएको छ ।

श्रद्धेय भिक्षु श्रद्धानन्द समक्ष पञ्चशील प्रार्थना गरी संघका सचिव विक्रम बुद्धाचार्यले सञ्चालन गर्नु भएको सो कार्यक्रममा घाचोक गा.वि.स.का अध्यक्ष तोयनाथ लम्सालले स्वागत भाषण गर्नुभएको थियो । कार्यक्रमका प्रमुख अतिथि हिमालय आँखा अस्पतालका डा. रजनीश रोकरीले सम्वोधन गर्नुहुँदै भन्नुभयोः– "युवा बौद्ध संघले बाटोको असुविधाको कारण आँखा उपचारबाट बञ्चित हुन पुगेका रोगीहरूलाई उपचार गराउने सुअवसर प्रदान गरेकोले यो एक प्रशंसनिय कार्य हुन पुगेको छ ।" अन्त्यमा युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

बुद्धको २५४१ औं परिनिर्वाण दिवसको उपलक्ष्यमा घाचोक गा.वि.स. मा सम्पन्न उक्त निःशुल्क आँखा शिविरमा घाचोक, लाहाचोक, सार्दिखोला, माछापुच्छे र पुरन्चोर गा.वि.स. समेत गरी जम्मा ४६५ जवान आँखाका रोगीहरूलाई आँखा परिक्षण, औषधि वितरण तथा चश्मा वितरण गरिएको थियो । उक्त आँखा शिविरको लागि हिमालय आँखा अस्पतालबाट दुई जवान डाक्टर तथा तीन जवान नेत्र सहायकहरू र आवश्यक उपकरणहरू उपलब्ध गराइएको थियो । गरीव तथा असहाय रोगीहरूको लागि अपरेशन शुल्क तथा औषधिको व्यवस्था गर्न आवश्यक रकम श्रीमती बेनकुमारी बुद्धाचार्य र कृष्णमान गुभाजु मोहरिया टोलबाट सहयोग प्राप्त भएको थियो । विरामीलाई आवत जावत गर्नको लागि कुमुदिनी होम्स स्कूल गैंछापाटनबाट बसको व्यवस्था मिलाइएको थियो ।

**पोखरामा बुद्ध पूर्णिमा दिवस**

पोखरा, २५४१ औं वैशाख पूर्णिमा दिवसको उपलक्ष्यमा सप्ताहब्यापी कार्यक्रम सञ्चालन गरिएको समाचार छ । सो सप्ताहब्यापी कार्यक्रम अन्तरगत अन्तर मा.वि. बौद्ध हाजिरी जवाफ रनिङ्ग शिल्ड प्रतियोगिता, बुद्ध पूजा, ज्ञानमाला भजन, बौद्ध अर्घौ सदनमा बृक्षारोपण, धर्मशीला बुद्ध विहारमा सक्तदान, शील प्रार्थना र धर्मदेशना, बुद्ध शान्ति यात्रा, आरोग्य आश्रममा रहेका कुष्ट रोगीहरूलाई भोजन दान आदि कार्यक्रमहरू समावेश भएका थिए ।

प्राप्त समाचार अनुसार यस सप्ताहब्यापी कार्यक्रममा धर्मशीला बुद्ध विहार, विश्वशान्ति स्तूप अनदु, ज्ञानमाला संघ, बुद्ध अर्घौ सदन,



Downloaded from http://www.dhamma.digital

महिला उपासिका संघ, युवा बौद्ध अर्घौ सदन, युवा बौद्ध संघ, मैत्री संघ, धर्म संघ, मैत्री बुक बुद्ध विहार चैत्य आदिको सहभागिता रहेको थियो ।

**बुद्धपूजा**

बुङ्गमती स्थित अमरापुर विहारमा माथि उल्लेखित मिति देखि शुरू हुने गरी प्रत्येक महिनाको प्रतिपदा शुक्ल पक्षका दिन नियमित रूपले बुद्ध पूजा सञ्चालन गर्ने गरी भिक्षु कालुदायी महास्थवीरबाट बुद्ध पूजा शुभारम्भ गरिएको समाचार प्राप्त भएको छ ।

**मैत्रेय युवा संघ भक्तपुरको समुद्घाटन**

युवा वर्गहरूलाई बुद्ध धर्म सम्वन्धि जनचेतना जगाउनुका साथै रचनात्मक, शीपमूलक तथा बौद्ध आचरण अनुसार सेवामूलक कृयाकलापहरूमा सहयोग गर्ने मुख्य उद्देश्य लिई २०५३ फलगुण २५ गते मैत्रेय युवा संघको नाममा एक बौद्ध संस्था स्थापना गरिएको समाचार प्राप्त भएको छ । उक्त संस्था इन्द्रराज शाक्यको सभापतित्वमा रामकृष्ण बैद्यले मैन बाली उद्घाटन गर्नुभएको थियो । संघका अध्यक्ष (नायो) तीर्थराज बज्राचार्यले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा प्रमुख अतिथि हर्षमुनि शाक्यले तराईका थारू जनजातीहरूले २५/३० जवान व्यक्तिहरूको समूह मिली स-साना घरेलु उद्योगहरू खोली आयमूलक कार्यहरू गर्दै जाने कार्यक्रम अनुकरणीय भएको कुरा उल्लेख गर्नुभयो । त्यसरी नै राकेश अवालेले संस्थाहरूले हामीलाई के दिए त भन्ने कुराको विचार गर्नु अघि संस्थाहरूलाई हामीले के दियौं त भन्ने कुराको विचार गर्न आवश्यक भएको कुरा उल्लेख गर्नुभयो । त्यस्तै सिद्धिरत्न शाक्यले वेरोजगारीहरूलाई रोजगारको लागि शीपमूलक तालिम दिलाउनु ज्यादै लाभप्रद हुनेछ भन्नुभयो ।

यस संघका पदाधिकारीहरू यस प्रकार रहेको बुझिएको छ । राजाभाई बज्राचार्य - उपाध्यक्ष, कौशल रत्न बज्राचार्य – सचिव, सदस्यहरू – पुण्यराज शाक्य, रूद्र चित्रकार, ज्ञानेन्द्र शाक्य, सुरेन्द्र बुद्धाचार्य, प्रज्ञारत्न बज्राचार्य आदि ।

यस संघको उत्थानका लागि आर्थिक सहयोग दिनुहुने महानुभावहरू यसरी प्रस्तुत गरिएको छ । राकेश अवाले रु. १०००/–, रामकृष्ण बैद्य रु. ५१०/–, सुरेश ज्योति शाक्य रु. ५०००/–

**भक्तपुरमा शीपमूलक शिक्षा**

२५४१ औं बुद्ध परिनिर्वाण दिवसको उपलक्ष्यमा भक्तपुर मैत्रेय युवा संघको आयोजनामा साबुन बनाउने नौ दिने प्रशिक्षण कार्यक्रममा भाग लिनुहुने १५ जवान प्रशिक्षार्थीहरूलाई थथुवहीमा एक समापन समारोहमा भिक्षु महेन्द्र महास्थविरबाट प्रमाणपत्र प्रदान गरिएको समाचार प्राप्त भएको छ ।

उक्त कार्यक्रममा राकेश अवाले र प्रशिक्षक निराप्रसाद ह्योंजुले यस प्रकारको शीपमूलक तालिमले बेरोजगारीहरूलाई रोजगार प्राप्त हुन सक्ने आशा ब्यक्त गर्नुभयो ।

पद्मसुन्दर शाक्य, प्रशिक्षार्थी शान्ता नापित, तुल्सीराम त्वायना, विक्रम शाक्य आदिले आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुभएको उक्त कार्यक्रममा संघका तिर्थराज बज्राचार्यले प्रशिक्षक निराप्रसाद ह्योंजुलाई अभिनन्दन पत्र प्रदान गर्नुभएको थियो ।

संघका अध्यक्ष तिर्थराज बज्राचार्यको सभापतित्वमा सम्पन्न सो समारोहमा उपाध्यक्ष राजाभाई बज्राचार्यले स्वागत भाषण, सचिव कौसलरत्न बज्राचार्यले कार्यक्रम सञ्चालन गर्नु भई सुरेन्द्र राज शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**वैशाख पूर्णिमा दिवस**

२५४१ औं वैशाख पूर्णिमा दिवसको उपलक्ष्यमा बुद्ध जयन्ती समारोह समितिको आयोजनामा बज्रयान बौद्ध धर्म परम्परा अनुसार सञ्चालित सप्ताहब्यापी कार्यक्रमको सिलसिलामा वटुटोल मूल श्री महाविहारमा बुद्धपूजा, पं. बद्रीरत्न बज्राचार्यबाट धर्मदेशना, भजन र अन्य विभिन्न कार्यक्रमहरू समावेश गरी समापन गरिएको समाचार प्राप्त भएको छ ।



Downloaded from http://www.dhamma.digital

**स्वास्थ्य शिविर**

२५४१ औं बुद्ध परिनिर्वाण दिवसको उपलक्ष्यमा धर्मोदय सभाले बागबजार स्थित बुद्ध विहारमा २०५४ जेष्ठ ४ गतेका दिन नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको समाचार प्राप्त भएको छ । मुटु सम्वन्धी रोग, दन्त रोग, इ.एन.टी. लगायत सबैजसो रोगको जाँच गरिएको उक्त स्वास्थ्य शिविरमा धर्मोदय सभा केन्द्रिय कार्यालय, नेपाल बौद्ध महिला संघ, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, युवा बौद्ध मण्डल, ललितपुर युवा बौद्ध समूह र स्वास्थ्य निकायका स्वास्थ्य सेवाकर्मीहरूको सहयोग प्राप्त भएको थियो भने सो कार्यक्रमको संयोजक सरीता तुलाधर हुनुहुन्थ्यो ।

**बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविर**

२०५४ जेष्ठ २५-२७ गते– दुर्गम सेवा समाज तथा हिमाली बौद्ध कुल परम्परा संस्था जोरपाटीको आयोजनामा प्रथम अञ्चल ब्यापी बौद्ध जागरण तथा प्रशिक्षण शिविर सञ्चालन गरिएको समाचार प्राप्त भएको छ । मध्यमाञ्चलका सबै जिल्लाहरूका ७० गुम्बाहरूको प्रमुख लामा तथा उप-प्रमुख लामा अनी (गुरुमां) अर्थात् मध्यमाञ्चलका सम्पूर्ण तामाङ्ग लामा, शेर्पा, जिरेल, धामी, गुरूङ्ग, नेवार र अन्य जनजातीहरू गरी जम्मा १०० जवान सहभागीहरूले भाग लिएको सो शिविरका प्रशिक्षक महानुभावहरू यसरी हुनुहुन्थ्यो ।

कमल लामा, ङ्गवाङ वोशेर लामा, फूर्पा सिङ्गी लामा, भिक्षु अश्वघोष महास्थविर, टेल्कु क्षोकी निमा रिन्बोर्छे, डा. केशवमान शाक्य, हर्षमुनी शाक्य, भिक्षु सुदर्शन, रिन्बोर्छे आदि हुनुहुन्थ्यो ।

**अभिनन्दन तथा सम्मान समारोह**

२०५४ वैशाख १५ गते– ज्ञानमाला संघ परिवार आनन्द विहार तानसेन पाल्पाको आयोजनामा ज्ञानमाला संघ आनन्द विहार तानसेन पाल्पाको स्वर्ण शुभ जन्मोत्सव समारोहको उपलक्ष्यमा नेपालका जेष्ठतम भिक्षु संघ नायक भिक्षु शाक्यानन्द महास्थविर, उपसंघ नायक भिक्षु अनिरूद्र महास्थविर र तानसेन पाल्पाबाट बुद्ध शासनमा प्रब्रजित हुनु भएका भिक्षु भिक्षुणीहरूले अभिनन्दन तथा ज्ञानमाला संघका संस्थापकहरूको सम्मान समारोह कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

**बौद्ध धार्मिक प्रवचन कार्यक्रम**

२५४१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा बौद्ध युवा संघ तथा बौद्ध महिला समितिको संयुक्त आयोजनामा श्री महाबोधि विहार तानसेनमा बौद्ध धार्मिक प्रवचन कार्यक्रम सम्पन्न भएको समाचार प्राप्त भएको छ ।

निवर्तमान अध्यक्ष विनय बज्राचार्यको संयोजकत्वमा आयोजित उक्त कार्यक्रमको शुभारम्भ ज्ञानमाला भजन, बुद्ध पूजा गरी गरिएको थियो । संघका अध्यक्ष रविमान बज्राचार्यले स्वागत भाषण गर्नुभएको उक्त समारोह नेपालका संघनायक भिक्षु शाक्यानन्द महास्थविरको सभापतित्वमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा बौद्ध विद्वान छत्रराज शाक्यले सारगर्भित धार्मिक प्रवचन दिनुभएको थियो भने ज्ञानमाला संघ आनन्द विहारका तर्फबाट अध्यक्ष देवेन्द्रमान शाक्यले मन्तब्य तथा शुभकामना ब्यक्त गर्नुभएको थियो । बौद्ध महिला समितिका अध्यक्ष श्रीमती पूर्णमाया महर्जनले धन्यवाद ज्ञापन र सभापति भिक्षु शाक्यानन्द महास्थविरले धर्मदेशना गर्नुभएको उक्त कार्यक्रम संघका सचिव जीवमान बज्राचार्यले सञ्चालन गर्नुभएको थियो ।

**बौद्ध संस्कार अनुसार भीमरथारोहण**

२०५४ बैशाख १२ गते– भोजपुर तक्सार-५ निवासी उपासक श्री धनज्योति शाक्य तथा उहाँकी श्रीमती धनमाया शाक्यको भीमरथारोहण समारोह (बृद्ध पासनी) पञ्चशील प्रार्थना, बुद्धपूजा, परित्राण पाठ आदि गरी सम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

श्री देवराज शाक्यले मन्तब्य ब्यक्त गर्नुभएको उक्त समारोहमा कलाकार काजीरत्न शाक्यले आफ्नो कलाको प्रदर्शन गरी उपस्थित सबैलाई मनमोहक तुल्याएको थियो ।

सो समारोहमा धरान, चतरा, बुँइपा, संखुवासभा, चैनपुर आदि स्थानका आफन्तहरू उपस्थित भएको थियो ।



Downloaded from http://www.dhamma.digital

## २५४१ औं वैशाख पूर्णिमा महोत्सव सम्पन्न

२५४१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा विभिन्न कार्यक्रमहरू समावेश गरी वैशाख पूर्णिमा मनाइएको समाचार प्राप्त भएको छ । प्राप्त समाचारमा उल्लेख भए अनुसारको कार्यक्रमहरू यसरी प्रस्तुत गरिएको छ ।

### नेपालगञ्ज

हर्षकीर्ति महाविहार नेपालगञ्जको आयोजनामा बुद्धको प्रतिमालाई सिंगारिएको रथमा राखी बुद्ध जयन्ती समारोह समितिका पदाधिकारीहरू, उपासक उपासिकाहरू र सर्वसाधारण महिलागण र बालबालिकाहरू समेतले नगर परिक्रमा गरिएको थियो । सो उपलक्ष्यमा हषकीर्ति महाविहार नेपालगञ्ज स्थित बौद्ध मन्दिरमा शील प्रार्थना, बुद्धपूजा र प्रसाद वितरण गरिएको थियो ।

बुद्ध, धर्म, संघद्वारा शान्ति पदयात्राको समेत आयोजना गरिएको उक्त समारोहमा संघका अध्यक्ष किन्जी शेर्पाको सभापतित्वमा आयोजित प्रवचन कार्यक्रममा विभिन्न वक्ताहरूले भगवान बुद्धको देन र उहाँको उपदेशबारे चर्चा गर्नुभएको थियो ।

### बिराटनगर

बिराट बौद्ध संघ तथा सो अन्तरगतका संस्थाको आयोजनामा उपासिका संघ विराटनगरद्वारा शान्ति दीपयात्राको आयोजना गरिएको थियो ।

बिराटनगर उपमहानगरपालिका वडा नं. १५ स्थित बुद्ध विहार निर्माण स्थलबाट हातमा मैनबत्ती बोकेका पुरुष तथा महिलाहरू सहभागी भई बुद्ध भजन सहित निस्केको सो शान्ति दीपयात्रा बस बिसौनी महेन्द्र चोक, ट्राफिक चोक, देवकोटा चोक हुँदै वडा नं. १२ स्थित बुद्ध मन्दिरमा पुगी विसर्जन गरिएको थियो ।

यसरी नै वडा नं. १२ स्थित बुद्ध मन्दिरमा, मिल्स एरिया रानीस्थित गुम्बामा, वडा नं. १५ स्थित बुद्ध विहारमा बुद्धपूजा र धार्मिक प्रवचन गरिएको विषयमा विराट बौद्ध संघका सचिव सत्यनारायण ताम्राकारले बताउनु भएको कुरा पनि उल्लेख गरिएको छ भने शान्ति पदयात्रा, बुद्ध पूजा, धार्मिक सभा र प्रसाद वितरण कार्यक्रम बारे पनि उल्लेख भएको छ ।

### लुम्बिनी

२०५४ ज्येष्ठ ९ गते– २५४१ औं वैशाख पूर्णिमाको अवसरमा लुम्बिनी विकास कोषद्वारा आयोजित तीन दिने लुम्बिनी महोत्सवको क्रममा लुम्बिनीमा धार्मिक प्रवचन कार्यक्रम आयोजना गरिएको थियो । सो उपलक्ष्यमा युवा खेलकूद तथा संस्कृति मन्त्री विष्णुप्रसाद पौडेलले बुद्धको विचार र उपदेशहरू आजसम्म पनि त्यत्तिकै सान्दर्भिक रहेको कुरा व्यक्त गर्नुहुँदै धार्मिक साँस्कृतिक तथा पर्यटन व्यवसाय फस्टाउनका लागि लुम्बिनीको पर्याप्त विकास हुनुपर्ने र अन्तरराष्ट्रिय विमान स्थल लुम्बिनीमा नै निर्माण भएमा लुम्बिनीको माध्यमबाट राष्ट्रको गरिमा बढाउन सकिने कुरा बताउनु भयो ।

लुम्बिनी विकास कोषका सदस्य सचिव अङ्गदावा शेर्पाले भगवान बुद्धको "बाँच र बाँच्न देऊ" भन्ने उपदेशले शान्तिपूर्ण सह-अस्तित्वको भावना जगाउनमा विश्वलाई ठूलो मद्दत पुऱ्याइरहेको कुरा बताउनु भयो ।

भिक्षुणी धम्मवतीले भगवान बुद्धको जन्मस्थल लुम्बिनी मात्र बुद्ध अनुयायीहरूको धार्मिक स्थल नभई नेपालको इज्जत भएकोले यस क्षेत्रको विकासका लागि सबै अग्रसर हुनुपर्ने आवश्यकतालाई औंल्याउनु भयो ।

लुम्बिनी विकास कोषका उपाध्यक्ष भिक्षु विमलानन्द महास्थवीरको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा भिक्षु कृष्णमान लामा, बद्रीरत्न बज्राचार्य र योजना प्रबन्धक नरेश महर्जनले आ-आफ्नो विचार व्यक्त गर्नु भएको थियो ।

### लमजुङ्ग

२०५४ ज्येष्ठ ९ गते– द रेयुकाई नेपाल लमजुङ्ग उपशाखाद्वारा वैशाख पूर्णिमाको उपलक्ष्यमा शान्ति पदयात्राको आयोजना गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी गजेन्द्रराम भट्टराईले सो समारोहमा गत वर्ष रेयुकाईद्वारा सञ्चालित कार्यक्रमलाई सहयोग पुऱ्याउनु हुने महानुभावहरूलाई प्रशंसा पत्र प्रदान गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

**त्रिशुली**

त्रिशुली सुगतपुर विहारमा सांसद अर्जुन नरसिंह के.सी.को प्रमुख आतिथ्यमा भव्य समारोह सम्पन्न गरिएको थियो ।

बुद्ध पूजा पछि श्री बोधिरत्न शाक्यको सभापतित्वमा सञ्चालित सार्वजनिक सभामा भिक्षु अश्वघोष महास्थविरले बोल्नु हुँदै भन्नुभयो– "बुद्ध शिक्षाको मूल उद्देश्य समाजलाई सदाचार सम्पन्न बनाउनु हो । सदाचारी बन्नु नै बुद्धको सम्मान गर्नु हो ।

प्रमुख अतिथी अर्जुन नरसिंह के.सी.ले भन्नुभयो– "आजको घृणा, द्वेषपूर्ण समाजलाई बुद्धको शान्ति सन्देश सान्दर्भिक छ ।"

त्रिशुली सगुतपुर बौद्ध मण्डलका सचिव चक्रराज शाक्यद्वारा स्वागत भाषण गर्नुभएको सो समारोहमा कोषाध्यक्ष रत्नवीर शाक्यले आय-व्यय प्रतिवेदन सुनाउनु भएको थियो भने सभाका सभापति बोधिरत्न शाक्यले बुद्ध जीवनी र बुद्धको परिनिर्वाण सम्बन्धि विषयहरूमा व्याख्या गर्नुभएको थियो ।

उक्त सभाका सञ्चालक पुरूर्षोत्तम शाक्यले रोचक बुद्धवचन सुनाउनु भएको थियो ।

**(१) क्लिनिक उद्घाटन**

२५४१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा मृगेन्द्र सम्झना चिकित्सा गुठीद्वारा स्वर्गीय डा. सम्झना पाण्डेको स्मृतिमा स्थापित "सम्झना क्लिनिक" को ९० वर्षीय वयोबृद्ध बिरामी श्रीमती विष्णुकुमारी अधिकारीले २०५४ ज्येष्ठ ९ गते उद्घाटन गर्नुभयो ।

सो क्लिनिकबाट विहान ७ बजेदेखि ९ बजेसम्म बिरामीहरूलाई नि:शुल्क स्वास्थ्य परीक्षण गरी सहुलियत दरमा औषधि समेत वितरण गरिने कुरा उल्लेख भएको छ ।

डा. मृगेन्द्रराज पाण्डेको सभापतित्वमा सञ्चालित उक्त उद्घाटन समारोहमा बिरामीहरूको नि:शुल्क स्वास्थ्य परिक्षण पनि गरिएको थियो ।

**(२) हाजिरी जवाफ प्रतियोगिता**

२५४१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा बालमञ्चद्वारा आयोजित अन्तर प्राथमिक विद्यालय स्तरिय हाजिरी जवाफ प्रतियोगितामा बुढानिलकण्ठ मा.वि. र टोखा भ्यालीले रनिङ्ग शील्ड प्राप्त गरेको छ ।

**(३) धार्मिक प्रवचन**

नेपाल बुद्ध धर्म संघको आयोजनामा आयोजित धार्मिक प्रवचन कार्यक्रममा वाणिज्य मन्त्री बुद्धिमान तामाङ्गले बुद्धद्वारा प्रतिपादित ज्ञानको एक अंश मात्र अनुशरण गर्न सके मानव जीवन सार्थक बन्ने कुरा उल्लेख गर्नुभयो ।

सो समारोह नेपाल बुद्धधर्म संघका अध्यक्ष निमा नोर्बु शेर्पाको सभापतित्वमा सम्पन्न भएको थियो ।

**(४) निवन्ध तथा कविता प्रतियोगिता**

साहित्य कुञ्ज नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुरद्वारा आयोजित उपत्यकाब्यापी स्नातकोत्तर स्तरीय निवन्ध प्रतियोगिता तथा विश्वविद्यालय क्याम्पसभित्रका विभागका विद्यार्थीहरूका बीचको कविता प्रतियोगिता सम्पन्न भएको छ ।

अन्तर विभागीय कविता प्रतियोगितामा देवीप्रसाद नेपाल र टीकाराम उदासी क्रमश: प्रथम, द्वितीय तथा प्रवास देवकोटा "चरू" र आभा आचार्य तृतीय हुनुभयो ।

उपत्यकाब्यापी निवन्ध प्रतियोगितामा नेपाली केन्द्रीय विभागका विद्यार्थी डिल्लीराम ढुंगेल र दुर्गाप्रसाद नेपाल क्रमश: प्रथम र द्वितीय हुनुभयो भने पद्मकन्या क्याम्पस, बागबजारकी सुस्मिता नेपाल तृतीय हुनु भएको थियो ।

**(५) निबन्ध प्रतियोगिता र हाजिरी जवाफ प्रतियोगिता**

सतुंगल भजन खल:द्वारा आयोजित नेपालको गौरव भगवान गौतम बुद्ध विषयक निवन्ध प्रतियोगिता तथा १३ औं बौद्ध हाजिर जवाफ प्रतियोगिता समारोह सम्पन्न गरियो ।

निवन्ध प्रतियोगितामा शारदा माध्यमिक विद्यालय, ज्ञानकुञ्ज आवासीय माध्यमिक विद्यालय र विश्व निकेतन उच्च माध्यमिक विद्यालय क्रमश: प्रथम, द्वितीय र तृतीय भएका थिए भने हाजिरी जवाफ प्रतियोगितामा गणेश आवासीय मा.वि., महांकाल मा.वि. र टंगाल मा.वि. क्रमश: प्रथम, द्वितीय र तृतीय भएका थिए ।

सुवर्ण शाक्यको संयोजकत्वमा सञ्चालित उक्त प्रतियोगिताहरूमध्ये निवन्ध प्रतियोगितामा २८ विद्यालय



Downloaded from http://www.dhamma.digital

तथा हाजिरी जवाफ प्रतियोगितामा ४० विद्यालयहरूले भाग लिएका थिए ।

(६) **बौद्ध महिला संघ**

बौद्ध महिला संघ, नेपालद्वारा २५४१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा बुद्ध विहारमा भिक्षु सुदर्शन महास्थविरको प्रमुख आतिथ्यमा आयोजित समारोहमा भिक्षु सुदर्शनले बोल्नुहुँदै भन्नुभयो– "नेपालको पवित्र लुम्बिनी उद्यानमा भगवान बुद्धको जन्म भएको कुरा इतिहास र पुरातात्विक अभिलेखले प्रष्टचाएको विषयमा कसैको दुईमत हुन सक्तैन ।"

भिक्षु सुमंगलको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा संघकी उपाध्यक्ष सुश्री नानी मैयाँ मानन्धर र संघका सल्लाहकार भक्तिदास श्रेष्ठले पनि आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुभएका थिए ।

भिक्षु कुमार काश्यप समक्ष पञ्चशील प्रार्थना पछि संघकी अध्यक्ष बिमला बज्राचार्यले स्वागत भाषण गर्नुहुँदै संघको प्रगति विवरण बारे जानकारी गराउनु भएको थियो ।

उक्त कार्यक्रममा परोपकार माध्यमिक विद्यालयमा परियत्ति शिक्षा पास गरेका कक्षा एक र दुईका विद्यार्थीहरूलाई भिक्षु कुमार काश्यपद्वारा पुरस्कार प्रदान गरिएको थियो । त्यसरी नै लुम्बिनीमा बनाउने महाचैत्यको लागि चन्दा दिने दाता र संघका आजीवन सदस्यहरूलाई मुख्य अतिथि सुदर्शनद्वारा प्रशंसा पत्र तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा धर्मकीर्ति विहारका अध्यक्ष भिक्षुणी धम्मवतीको प्रमुख नेतृत्वमा बनाउने महामाया देवीको मूर्तिको लागि उठाइएको चन्दा रु. एकाउन्न हजार बाह्र रुपैयाँ बौद्ध महिला संघका कोषाध्यक्ष सुश्री कमला शाक्यबाट भिक्षुणी धम्मवतीलाई हस्तान्तरण गरिएको थियो ।

**भक्तपुर**

२५४१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा बुद्ध प्रतिमालाई सिंगारिएको खटमा राखी विभिन्न विहार तथा नगर परिक्रमा गराइयो । भक्तपुर बौद्ध संघको सकृयतामा स्थानीय मुनी विहारबाट बाजागाजा सहित निकालिएको शोभायात्रामा बुद्ध अनुयायी उपासक उपासिकाहरूको सहभागिता रहेको थियो ।

**पोखरा**

स्थित धर्मशीला बुद्ध विहार नदीपुरबाट बुद्धको प्रतिमा रथमा राखी पोखरा उपमहानगरको परिक्रमा गरी शान्ति रथयात्रा निकालिएको थियो । उक्त रथयात्रामा बाजागाजा सहितका भजन टोली, लामा गुरुज्यूहरू, भिक्षुहरू, उपासिका लगायत विभिन्न गुम्बा तथा बौद्ध संघ संस्थाको सहभागिता रहेको थियो ।

**जनकपुरधाम**

नेपाल अहिंसाबादी बौद्ध धर्म विश्व शान्तिचक्र संघ दाउन्ने, नवलपरासीको तत्वावधानमा जनकपुर अञ्चल बुद्ध जयन्ती आयोजक समितिद्वारा आयोजना गरिएको नगर परिक्रमा कार्यक्रममा धार्मिक जुलुसले जनकपुर नगरको परिक्रमा गरिएको थियो । सोही अवसरमा महासंघ नायक गुरु भिक्षु कर्मज्ञान सागर लामाद्वारा बुद्ध शिक्षाबारे प्रकाश पार्नु हुँदै बुद्धका उपदेशहरू कुनै जाति, सम्प्रदायको लागि मात्र नभई बहुजन हित र कल्याणको लागि हो भन्नुभयो ।

**धनगढी**

धर्मोदय सभा शाखा कैलालीद्वारा आयोजित बौद्ध धर्मावलम्बीका साथै विद्यार्थी, शिक्षक र आमन्त्रित सदस्यहरूको ठूलो संख्यामा सहभागिता रहेको शान्ति पद यात्राले लोकचक्र बुद्ध विहारको प्राङ्गणबाट निस्की नगरका प्रमुख भागहरूमा परिक्रमा गरिएको थियो ।

कैलालीको गोदावरी स्थित बौद्ध गुम्बामा शील प्रार्थना बुद्ध पूजा र लोकचक्र बुद्ध विहारमा बुद्ध सम्वन्धी प्रवचन र साँस्कृतिक कार्यक्रमको समेत आयोजना गरिएको थियो ।

**भद्रपुर**

मेची नगर पालिका अन्तरगत काँकडभित्तामा नेपाल तामाङ्ग घेदुङ्ग संघ जिल्ला समिति झापा र टासी छ्योलिङ्ग गुम्बाद्वारा बेग्लाबेग्लै कार्यक्रमको आयोजना गरी शोभा यात्रा, प्रवचन र बुद्ध पूजा गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

भद्रपुर नगरपालिका स्थित बुद्ध विहारमा स्थानिय बौद्ध धर्मावलम्वीहरूले बुद्धको प्रतिमामा पूजा गरी दीप बालेका थिए ।

झापाको दमक नगरपालिका सतासीधान गा.वि.स. अन्तरगत माइधार स्थित बौद्ध गुम्बा र पृथ्वीनगर गा.वि.स.मा पनि बुद्धप्रति श्रद्धापूर्वक पूजा गरियो ।

**सुर्खेत**

धर्मोदय सभा सुर्खेतको आयोजनामा बुद्धको तस्वीर सजाई निस्केको शोभा यात्राले वीरेन्द्रनगर नगर परिक्रमा गरी बौद्ध गुम्बा लाटीकोइलीमा पुगेपछि पूजा गरियो ।

सभाका अध्यक्ष जीवन कुमार शाक्यको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा शोभा यात्राका सहभागीहरूले बुद्ध वन्दना र पञ्चशील प्रार्थना पनि गरेका थिए ।

**वीरगञ्ज**

बौद्ध समितिद्वारा आयोजित २५४१ औं वैशाख पूर्णिमा कार्यक्रमको उपलक्ष्यमा वीरगञ्जमा शील प्रार्थना, बुद्धपूजा, धर्मदेशना आदि कार्यक्रम समावेश गरी मनाइएको थियो । यसको साथसाथै माइस्थान मन्दिरदेखि बुद्धको प्रतिमालाई खटमा सजाई बाजागाजा, छात्रछात्रा, काठमाडौंबाट आउनु भएका गुरुमाँहरू धजवती र करूणावती समेत विभिन्न महानुभावहरूको जुलुसले नगर परिक्रमा गरी भिस्वामा पुगेपछि त्यहाँ स्थापित पञ्चबुद्ध मूर्तिमा नरनारीहरूले पूजा गरेका थिए ।

धजवती गुरुमाँबाट बुद्ध, बोधिज्ञान तथा मुक्ति मार्गको विषयमा प्रवचन गर्नुभएको प्रवचन समारोहमा समितिका उपाध्यक्ष सत्यनारायण मानन्धर, महासचिव चक्रबहादुर शाक्य, ज्ञानपूर्ण विहारका संस्थापक वीरहर्ष शाक्य, रमेश गोरखाली, इन्द्र रञ्जित तानाका र मारवाडी युवा मञ्चका विपि मित्तल आदि महानुभावहरूले बुद्धको उपदेशलाई मार्गदर्शकको रूपमा स्वीकार्नु भएका थिए ।

उक्त समारोह बुद्ध समिति पर्साका अध्यक्ष भूपेन्द्रलाल नेपालीको सभापतित्वमा सम्पन्न भएको थियो ।

**ललितपुर**

ललितपुर स्थित सुवर्ण छत्रपुर विहार लुभूको आयोजनामा विभिन्न कार्यक्रमहरू गरी २५४१ औं वैशाख पूर्णिमा समारोह सम्पन्न गरेको छ ।

विहारकी उपासिका शर्मीला महर्जनको नेतृत्वमा बुद्ध पूजा सञ्चालन गरी सबै उपासक उपासिकाहरूले पञ्चशील प्रार्थना पनि गरेका थिए । बुद्ध पूजा पछि विहारका उपासक रामगोपाल सिंहले धर्मदेशना गर्नुहुँदै सम्यक दृष्टिको बारेमा ब्याख्या गर्नुभएको थियो ।

बुद्धको प्रतिमालाई खटमा सजाई विभिन्न बाजागाजा सहित जनसमूहले घेरी लुभू नगर परिक्रमा गरी विहारमा पुगेपछि विहारका सचिव पूर्णमान महर्जनले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरिएको थियो ।

**तानसेन**

महाचैत्य विहार, तानसेनमा ज्ञानमाला भजन, दानप्रदान कार्यक्रम, पञ्चशील प्रार्थना, बुद्धपूजा र धर्मदेशना आदि गरी भव्यरूपमा २५४१ औं वैशाख पूर्णिमा मनाइएको छ ।

काठमाडौंबाट आउनुभएका गुरुआमाहरू अनुपमा र अमरावती सहित स्थानीय उपासक उपासिकाहरूको जनसमूहले भाग लिएको एक जुलुसले बुद्धको प्रतिमालाई सजाइएको खटमा राखी बाजागाजा सहित नगर परिक्रमा गरेको थियो ।

प्रवचन दिने क्रममा गुरुमाँ अनुपमाले वैशाख पूर्णिमाको दिन बुद्धको जीवनकालमा घटेका विभिन्न महत्वपूर्ण घटनाहरूमध्ये पाँचवटा मुख्य मुख्य घटनाहरू घटेको दिन हो भन्नु हुँदै यस दिनको महत्व बारे विस्तृतरूपमा ब्याख्या गर्नुभएको थियो ।

**बनेपामा फलफूल र बिस्कुट वितरण**

२५४१ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा ध्यानकुटी विहारका उपासक उपासिकाहरूले बनेपा स्थित अस्पतालमा उपचार गरिरहेका बिरामीहरूलाई सुस्वास्थ्य कामना गर्दै फलफूल र बिस्कुट वितरण गरिएको समाचार प्राप्त भएको छ ।



Downloaded from http://www.dhamma.digital

त्यसरी नै वैशाख पूर्णिमाको दिन विहानै स्थानीय बुद्ध जयन्ती समारोहको आयोजनामा बुद्ध मूर्ति खटमा राखी सुदर्शन विहारबाट नगर परिक्रमा शुरू गरी चन्द्रकीर्ति विहारमा पुगिसकेपछि भिक्षु बोधिसेन महास्थवीरबाट बुद्ध पूजा र धर्मदेशना गरी सम्पन्न भएको समाचार छ ।

**अधिराज्यका विभिन्न स्थानहरूमा २५४१ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न**

**भक्तपुर**, युवा बौद्ध पुच:को आयोजनामा भक्तपुरमा दीपंकर प्रशन्नशील विहारदेखि विश्व शान्ति कामना गर्दै ४०० जवान भन्दा बढी उपासक उपासिकाहरूको एक समूहले करीव दुई घण्टा समयसम्म मैन बत्तीको दियो बाली दीपयात्रा गरेको छ ।

त्यस्तै बौद्ध समकृत विहारबाट आयोजित प्रभातफेरी कार्यक्रम पनि भव्यरूपमा सम्पन्न भएको छ ।

**तनहुँ**

नेपाल मगर संघको अयोजनामा तनहुँ जिल्लाको गौंडा बजारमा निर्मित एक गुम्बाको युवा बौद्ध समूहका भू.पू अध्यक्ष हर्षमुनी शाक्यले पाला बाली उद्घाटन गर्नुभएको छ । मगर संघ तनहुँका अध्यक्ष केशराम आलेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा हर्षमुनी शाक्य, श्यामकृष्ण मल्ल, प्रा. जनक नेवा:, विपेन्द्र महर्जन, एम. एस. थापा, शिव थापा, शिवकुमार श्रेष्ठ, मोतीप्रसाद पौडेल, बलबहादुर गुरूङ्ग, वसन्तबहादुर थापा, वीरबहादुर पुन, भक्तबहादुर थापा, पार्वती थापा आदिले आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुभएका थिए ।

पञ्चशील प्रार्थना पश्चात् शुरू गरिएको उक्त कार्यक्रममा कीर्तिमान थापाले स्वागत भाषण गर्नुभएको थियो ।

**स्याङ्गजा**

धर्मोदय सभा स्याङ्गजा पञ्चमूल शाखाको तत्वावधानमा बुद्ध आमा समूह शिरूबारी र नव युवा क्लब शिरूबारीको सक्रियतामा शाखाको अध्यक्ष कप्तान श्री बुद्धीबहादुर गुरूङ्गको सभापतित्वमा बुद्ध जयन्ती समारोहको आयोजना गरिएको थियो । यसै सिलसिलामा विभिन्न कार्यक्रमहरू यसरी सञ्चालन भएका थिए ।

अन्तर माध्यमिक स्तरीय हाजिरी जवाफ प्रतियोगिता, गुरुमाँ सुजाताबाट प्रवचन, धर्मोदय सभाका केन्द्रिय कार्यकारिणी सदस्य श्री इन्द्रबहादुर गुरूङ्गले धर्मोदय सभाको गठन र गतिविधि आदि बारे प्रकाश र भिक्षुणी सुजाताबाट हाजिरी जवाफ प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कार र प्रमाण पत्र वितरण ।

**उर्लाबारी**

स्वयम्भू चैत्य बुद्ध महाविहार उर्लाबारीमा २५ जवान प्रतियोगिहरू सहभागी रहेको चित्र प्रतियोगिता आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा मणिलाल श्रेष्ठ, गोपालराज शाक्य र अञ्जु श्रेष्ठ क्रमश: प्रथम, द्वितीय र तृतीय हुनु भएको थियो ।

त्यस्तै कविता प्रतियोगितामा धनेन्द्र खनाल, बिमला तुम्खेंबा र भानु प्रकाश हुमागाई क्रमश: प्रथम, दोस्रो र तेस्रो हुनु भएका थिए ।

हाजिर जवाफ प्रतियोगितामा रूप समूह, संज्ञा समूह र वेदना समूह क्रमश: प्रथम, द्वितीय र तृतीय भएका थिए ।

विजयी समूहका सहभागीहरू क्रमश: यसरी थिए– प्रकाश शाक्य, महेश कार्की, साधना शाक्य, राजकुमार शाक्य, देवेन्द्र धिमाल, अञ्जु श्रेष्ठ, गोपालराज शाक्य, यशोदा शाक्य र लक्ष्मी शाक्य आदि ।

वैशाख पूर्णिमाका दिन शील प्रार्थना, बुद्ध पूजा, शान्ति पदयात्रा गरी श्री हर्षज्योति शाक्यको सभापतित्वमा र श्री राजकुमार शाक्य "A" बाट सञ्चालित उक्त कार्यक्रममा श्री धर्मरत्न शाक्य, श्रीमती बालकुमारी शाक्य र श्री हरी श्रेष्ठ आदिबाट आ-आफ्नो मन्तव्य ब्यक्त गरेका थिए । सोही कार्यक्रममा "युवा बौद्ध जागरण समूहको सक्रियतामा कल्पबृक्ष दान कार्यक्रम पनि सम्पन्न भएको थियो ।

**विराटनगर**

धर्मोदय सभा शाखा, विराट बौद्ध संघ, उपासिका संघ र युवा बौद्ध संघको संयुक्त आयोजनामा सप्ताहब्यापी बुद्ध जयन्ती समारोह सम्पन्न भएको छ ।



Downloaded from http://www.dhamma.digital

पञ्चशील प्रार्थना, ज्ञानमाला भजन, बुद्ध पूजा, श्रद्धेय भिक्षु सोभितबाट धार्मिक सभामा प्रवचन, मैनबैत्ती बाली शान्ति दीपयात्रा, शान्ति पदयात्रा, दीपावली, अनाथाश्रममा फलफूल वितरण आदि कार्यक्रमहरू समावेश भएको उक्त समारोह विराट बौद्ध संघका अध्यक्ष धर्मकुमार हलुवाईको सभापतित्वमा सम्पन्न भएको थियो । संघका का.का. सदस्य श्री लालधन शाक्यले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा उपासिका संघका सचिव श्रीमती लक्ष्मी प्रधान, धर्मकुमार हलुवाई आदिले आ-आफ्नो मन्तब्य ब्यक्त गर्नुभएका थिए । श्री मोहन प्रसाद शाक्यले उद्घोषण गर्नुभएको उक्त कार्यक्रममा विराट बौद्ध संघको २२ जवान व्यक्तिहरूलाई आजीवन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो भने सो कार्यक्रममा बौद्ध संघका सचिव सत्यनारायण ताम्राकारले स्वागत भाषण गर्नुभएको थियो ।

**धरान**

२५४१ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरू यसरी सञ्चालन गरिएको थियो–

**शान्ति दीपयात्रा**

शुष्मा मोक्तानको संयोजकत्वमा शान्ति दीपयात्रा आयोजना ।

**रक्तदान**

श्री स्वयम्भू चैत्य महाविहार धरान-१२ सम्यक शिक्षा समूहको आयोजनामा, श्री बिमल चित्रकारको संयोजकत्वमा जम्मा १९ जवान रक्तदाताहरूबाट रक्तदान कार्यक्रम सफल पारिएको ।

**अन्तर विहार तथा गुम्बा हाजिरी जवाफ प्रतियोगिता**

श्री हर्ष तामाङ्गज्यूको संयोजकत्वमा सञ्चालित यस प्रतियोगितामा नविन रायमाझी, रोहीना ताम्राकार र लक्ष्मी अधिकारी - प्रथम; सुश्री प्रनिता तामाङ्ग, धर्मराज तामाङ्ग, दिलबहादुर तामाङ्ग - द्वितीय भएका थिए ।

**वक्तृत्वकला प्रतियोगिता**

श्री नविन रायमाझीको संयोजकत्वमा अन्तर विहार तथा गुम्वा वक्तृत्वकला प्रतियोगितामा धरानका ५ वटा विहारमा जम्मा १३ जवान प्रतियोगीहरूले भाग लिएका थिए । जसमा सुरेन मोक्तान, सुरज शाक्य र रविन गोले क्रमशः प्रथम, द्वितीय र तृतीय भएका थिए । सान्त्वना पुरस्कार प्राप्त गर्नेहरूमा यसरी थिए– गोविन्द पाखिन र सरस्वती महत ।

**अभिनन्दन तथा पुरस्कार वितरण समारोह**

श्री कर्णबहादुर तमूको संयोजकत्वमा सुनसरी खनार निवासी १४० वर्षीय वीरनारायण चौधरीलाई अभिनन्दन, हाजिरी जवाफ र वक्तृत्वकला प्रतियोगितामा विजयी हुनेहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरि एको थियो ।

यस सप्ताह ब्यापी कार्यक्रममा मूल संयोजक श्री मोहन श्रेष्ठ र प्रमुख अतिथि भू.पू. सञ्चार सहायक मन्त्री कृष्णकुमार राई हुनुहुन्थ्यो । यस सप्ताहब्यापी कार्यक्रममा मणीराज राईज्यूको संयोजकत्वमा नगर परिक्रमा कार्यक्रम पनि समावेश गरिएको थियो ।

**लुम्बिनी र कपिलबस्तुमा बुद्धपूजा**

वैशाख पुर्णिमाको दिन बुद्धकालीन महत्वपूर्ण घटनाहरू मध्ये ५ वटा घटनाहरूको संयोगको दिनलाई यसरी बुझिन्छ ।

(१) सुमेध पण्डित (भविष्यका सिद्धार्थ कुमार) ले दिपङ्कर बुद्धबाट भविष्यमा शाक्यमुनी बुद्ध हुने आशिर्वाद प्राप्त गर्नुभएको दिन ।
(२) सिद्धार्थ कुमारको लुम्बिनीमा जन्म भएको दिन ।
(३) सिद्धार्थले बुद्धगयाको बोधिबृक्ष मुनि बोधिज्ञान प्राप्त गर्नुभएको दिन ।
(४) गृहत्याग पछि बोधिज्ञान लाभ गरी बुद्ध हुनु भएपछि पहिलो पटक कपिलवस्तुमा पुग्नु भएको दिन ।
(५) परिनिर्वाण हुनु भएको दिन ।

यी ५ वटा घटनाहरूको संयोग भएको दिन वैशाख पूर्णिमा दिनको उपलक्ष्यमा २०५४ ज्येष्ठ ९ गते अनगारिका धम्मवतीको नेतृत्वमा १ बस र ३ वटा कारहरूबाट उपासक उपासिकाहरूको समूह लुम्बिनी र कपिलबस्तु पुगी त्रिरत्न गुणानुस्मरण गरी बुद्धपूजा गरेका थिए भने सो पवित्र स्थानहरूमा अनगारिका धम्मवतीबाट धर्मदेशना पनि गर्नुभएको थियो ।


Downloaded from http://www.dhamma.digital

स्मरणीय छ, कपिलबस्तुमा पुगिसकेपछि गुरुमां सहित सबै उपासक उपासिकाहरूलाई लोकदर्शन बज्राचार्यबाट कोकाकोला आदि चीसो पेय पदार्थ प्रदान गरी स्वागत गरिएको थियो ।

**२५४१ औं बुद्ध पूर्णिमा**

२५४१ औं बुद्ध पूर्णिमाको पुनीत अवसरमा बुद्ध जयन्ती समारोह समिति हिरण्य वर्ण महाविहार तारेमाम संघ, नागवहालको आयोजनामा सञ्चालन भैरहेको सप्ताह व्यापी बौद्ध धार्मिक कार्यक्रम अन्तर्गत सातौं दिन अर्थात वैशाख पूर्णिमाको दिन आज विहान प्रभात फेरीबाट शुरू भएको कार्यक्रममा श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरज्यूबाट बुद्धपूजा, शील प्रदान तथा धर्म देशनाको साथै भिक्षु अनगारिकाहरूलाई भोजन दान प्रदान गरियो । तत्पश्चात दिउँसो मध्यान्ह १२ बजे देखि शुरू भएको ललितपुरका ३१ वटा विभिन्न बौद्ध संघ, संस्था, विद्यालय तथा विहारहरूका प्रतिनिधिहरूले बुद्ध प्रतिमाका साथ वाजा-गाजा तथा भजन सहितको नगर परिक्रमा साँझको ५:१५ बजे सु-सम्पन्न भयो । साँझको कार्यक्रम - समापन समारोहका यस सभामा ललितपुर बुद्ध जयन्ती कोषका कोषाध्यक्ष श्री पवित्रबहादुर बज्राचार्यज्यूबाट आर्थिक प्रतिवेदन तथा सोही कोषका अध्यक्ष श्री आशाराम शाक्यज्यूले मन्तव्य व्यक्त गर्नु भएको थियो । सो सभामा बुद्ध जयन्ती समारोह समितिका सचिव श्री ज्ञानबहादुर शाक्य तथा सह-कोषाध्यक्ष श्री तुलारत्न शाक्यले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको क्रम अनुसार २५४२ औं बुद्ध जयन्ती समारोह समिति, मयूर वर्ण महाविहार, भिन्छेवहालका प्रतिनिधिलाई पालो हस्तान्तरण तथा सो समारोह समितिका प्रतिनिधि श्री जुजुसेन बज्राचार्यज्यूले मन्तव्य व्यक्त गर्नु भएको थियो । २५४१ औं बुद्ध जयन्ती समारोह समिति तथा तारेमाम संघका अध्यक्ष श्री बज्रराज शाक्यबाट धन्यवाद ज्ञापन भएको यस सभाको अन्तमा सभापतिले पुण्यानुमोदनबाट सभा विसर्जन गर्नुभयो ।

**२५४१ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा सञ्चालित कार्यक्रमहरू**

**सप्ताहव्यापी कार्यक्रम**

बुद्ध जयन्ती समारोह समिति, हिरण्य वर्ण महाविहार तारेमाम संघ नागवहालको आयोजनामा र हेराकाजी शाक्यको सक्रियतामा सप्ताहव्यापी (जेठ ३-९ सम्म) बौद्ध धार्मिक कार्यक्रम यसरी सञ्चालन गरेको छ ।

- सप्ताहव्यापी धार्मिक प्रवचन कार्यक्रमका प्रवचकहरू भिक्षु उ. आसमाचार, भिक्षु सुदर्शन महास्थविर, दिब्यबज्र बज्राचार्य, भिक्षु बुद्धघोष महास्थविर, टुल्कु छोकि रिम्पोछे आदि हुनुहुन्थ्यो ।
- सप्ताहब्यापी ज्ञानमाला भजनमा तारेमाम, ओकुवहाल, स्वयम्भू, श्रीघः र वुवहाल आदि ज्ञानमाला भजन खल:ले भाग लिएका थिए ।
- २५४१ औं बुद्ध जयन्ती समारोह समिति, तारेमाम संघको तत्वावधानमा र सामूहिक स्वास्थ्य सेवा केन्द्रको संयोजकत्वमा स्थानिय नागवहालमा सञ्चालित ३ दिने नि:शुल्क स्वास्थ्य शिविरमा सामान्य रोगतर्फ - २८० जवान, मुटु रोग तर्फ - ६० जवान, स्त्री रोगतर्फ - ३० जवान, नाक कान घाँटी रोगतर्फ - ११५ जवान र बाल रोगतर्फ - ७५ जवान रोगीहरूले स्वास्थ्य परिक्षण तथा उपचार गरइएको थियो । सो स्वास्थ्य शिविरमा उपचारार्थ आउने रोगीहरूलाई नि:शुल्क औषधि वितरण गरिएको थियो ।
- रक्तदान कार्यक्रममा १०८ जवान रक्तदानहरूले रक्तदान गरेका थिए ।

**रक्तदान**

युवक बौद्ध मण्डल नेपालको स्वास्थ्य उपसमितिको आयोजनामा २०५४ बैशाख १४ गते ललितपुर स्थित भाष्कार वर्ण महाविहार न्याखा चोक टोल सुधार समितिको सहयोगमा एक परिचयात्मक कार्यक्रमका

*(बाँकी कभरको दोस्रो पेजमा)*

मुद्रक : **नेपाल प्रेस** • अफिस फोन : २२१०३२ फ्याक्स : (९७७-१) २२५४५०, प्रेस : ४२१४५०, ४१४७५३

Downloaded from http://www.dhamma.digital